KADAR MEDIA
KADAR MEDIA PVT. LTD.
कदर मिडिया प्रा. लि.

राष्ट्र, राष्ट्रियता र जनताका लागि

# कदर पाक्षिक

■ वर्ष ६ ■ अंक २० ■ २०७७, माघ १-१५ ( Janu..14-28, 2021) मूल्य रू. १५।-

## जिप्रका नै सार्वजनिक सुनुवाई गर्दैन

कालिकोट । जिल्लामा भएका हरेक गतिविधि र अन्य जनसरोकार पक्षमा का विषयमा रहेका सार्वजनिक सुनुवाई हुनु पर्ने त्यो आज सम्म पनि हुन सकेको छैन कालिकोट मा । यस बारेमा जिल्ला प्रशासनले नै बेखबर हुनुका साथै सार्वजनिक सुनुवाई नै गर्दैन ।

सुशासन व्यवस्था तथा सञ्चालन) ऐनमा कुनैपनी 'कार्य सम्पादन गर्ने कार्यालयले आफ्नो काम, कारबाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन तोकिए बमोजिम सार्वजनिक सुनुवाइ गराउनु पर्ने' व्यवस्था छ ।

सार्वजनिक परीक्षण कार्यविधिमा पनि सार्वजनिक निकायले सार्वजनिक समीक्षा, सार्वजनिक सुनुवाइ बाँकी पृष्ठ १० मा

# ओलीमा कम्युनिष्ट संस्कार नभएर "बा" संस्कार मात्रै छ

पोखरा । नेकपा प्रचण्ड-माधव समूहले गण्डकी प्रदेशको राजधानी पोखरामा आयोजित अगुवा कार्यकर्ता भेलामा सम्बोधन गर्दै अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले प्रधानमन्त्री केपी शर्मा ओलीमा कम्युनिष्ट निष्ठा नरहेको आरोप लगाएका छन् । ओलीमा कम्युनिष्ट संस्कार समेत नभएको बताए ।

'केपी ओलीले कम्युनिष्ट आन्दोलन त्याग गरेको समाचार तपाइँले सुन्न बेर छैन । कम्युनिष्ट पार्टीबाट पलायन भएको खबर सुन्न बेर छैन', नेपालले भने । ओलीमा गुट चलाउने प्रवृत्ति रहेको बताए । 'ओलीले गुट चलाउनु हुन्छ । त्यहाँ छलफल हुँदैन । आदेश दिन्छन् । भक्तजनहरुले आदेश पालना गर्छन्', नेपालले भने । ओलीले आसेपासे, हनुमानहरुलाई कम्युनिष्ट संस्कार नसिकाएको बताए ।

ओलीमा कम्युनिष्ट संस्कार नभएको र बा संस्कार रहेको अध्यक्ष नेपालले बताए । 'ओलीमा बा संस्कार छ, त्यो सामन्ती संस्कार हो' नेपालले भने । ओलीमा आफ्नो प्रशंसा गर्नेलाई मात्रै जिम्मेवारी दिने संस्कार रहेको बताए । 'रगतको जाँच गर्नुहुन्छ, खकार जाँच गर्नुहुन्छ । भएन भने डिएनए जाँच गर्नु हुन्छ । मत दिएको छैन भने किनारा लगाइदिनु हुन्छ',



बाँकी पृष्ठ १० मा

## ६० प्रतिशत अंक ल्याउनेलाई मात्र चालक अनुमति पत्र

काठमाण्डौ । सरकारले सवारी चालक अनुमतिपत्र (लाइसेन्स) को प्रयोगात्मक परीक्षाको निर्देशिका परिवर्तन गर्ने तयारी गरेको छ । अब प्रयोगात्मक परीक्षा (ट्रायल) दिदा प्रयोग गरिने विभिन्न प्राविधिक 'प्यारामिटर' लाई निश्चित अंकभर दिएर पूर्णाङ्क (फुलमार्क) गरिने भएको छ । सवारीको ट्रायल परीक्षा दिदा तोकिएको उत्तीर्णाङ्क (पासमार्क) ल्याउनुपर्ने व्यवस्था गर्न लागिएको हो ।
अहिले प्रयोगात्मक परीक्षाका सबै प्यारामिटरमा सतप्रतिशत अंक ल्याउनुपर्छ । ट्रायल दिदा एउटा मात्रै गल्ती भयो भने परीक्षामा फेल गराइन्छ । हाल प्रयोगात्मक परीक्षा दिंदा सडकमा राम्रो सवारी चलाउन नसक्नेले पनि सबै प्यारामिटर सजिलै पार गर्न नसक्ने अवस्था रहेकाले अब उत्तीर्णाङ्क तोकेर परीक्षा लिने व्यवस्था गर्न लागिएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका एक अधिकारीले बताए 'धेरैले सडकमा चलाउन नजान्ने भएपनि पनि ड्राइभिङ सेन्टरमा पाच दिन सिक्दा सजिलै ट्रायल पास गर्छन्, तर सडकमा बाँकी पृष्ठ १० मा

## ओए सरकार सुन, तं निरंकुश छस्

काठमाण्डौ । प्रधानमन्त्रीले पुस ५ गते प्रतिनिधिसभा विघटनको विरोधमा नागरिक समाजले निरन्तर प्रदर्शन गरिरहेको छ। आधा दर्जन भन्दा बढी प्रतिगमन विरोधी प्रदर्शन गरिसकेको नागरिक समाजले नेपाल प्रज्ञा प्रतिष्ठानको डबलीमा पहिलो नागरिक सभा गरेको छ ।
नागरिक अभियन्ताहरूको साझा आह्वानमा कलाकार, लेखक तथा सर्वसाधारण जम्मा भएर डबलीमा विरोध कार्यक्रम गरिएको हो । कार्यक्रममा प्रतिगमनविरुद्ध युवतीहरूको फ्ल्यास मोब' गरेका छन् । उनीहरूले उभिएर 'ओइ सरकार सुन, निरंकुश होस् त' भन्दै नारा समेत लगाएका थिए ।

'पोलिटिकल लिट्रेसी फर वोमेन' का सदस्य रहेका किशोरीहरूले फरक शैलीमा गरेको विरोधले सबैको ध्यान खिच्यो । ओइ सरकार सुन, सुन, सुन ? बाँकी पृष्ठ १० मा

## माओवादीलाई तितरबितर पार्न नारायणकाजी को प्रमुख हात छ

कैलाली । दुई धारमा देखा परेको नेकपा ओली समूहका नेता एवं उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री लेखराज भट्टले पूर्व माओवादी छिन्नभिन्न हुनुको कारण नारायणकाजी श्रेष्ठ रहेको बताएका छन् ।

नेकपा ओली समूहले धनगढीमा आयोजना गरेको तेस्रो बैठकमा नेता भट्टले पुष्प कमल दाहाल प्रचण्डले पार्टीमा श्रेष्ठलाई ल्याएपछि पूर्व माओवादीको अवसान सुरु भएको बताएका हुन् ।

'शान्ति प्रक्रियामा आइसकेपछि जनमोर्चा एकता केन्द्र भन्ने जोडिएको थियो,' नेता भट्टले भने, 'त्यहींबाट पूर्व माओवादीको अवसान हुन सुरु भएको हो ।' नेता भट्टले श्रेष्ठलाई एकतामा ल्याउनु ठुलो भूल भएको बताए । यदि उहांलाई त्यो एकतामा नल्याएको भए माओवादी पार्टी हिजोको भन्दा ठूलो बलियो हुने थियो,' उनले भने, 'नारायणकाजी त्यो पार्टीमा धमिरोको रूपमा पसे र आज पनि यहां त्यही गरे । वैद्य, बादल र विप्लवले पार्टी छोड्नुको कारण पनि श्रेष्ठ रहेको भट्टको आरोप थियो ।
नेता भट्टले प्रधानमन्त्री केपी शर्मा ओली धनगढीमा आउंदा मुख्यमन्त्रीले परम्परा नमानेको भन्दै आक्रोश व्यक्त गरे । मुख्यमन्त्री भट्ट चाकरीमा लागेको भट्टको आरोप थियो । बाँकी पृष्ठ १० मा

## कम्युनिष्ट जुट्न भन्दा फुट्न बढी रमाउँदा रहेछन्



पाक्षिक स्तम्भ

समर रोकाया

नेपालको कम्युनिष्ट पार्टी मा कयौं उतारचढाव आईरहेका छन् । २००६ साल पुष्पलालको नेतृत्वमा स्थापना भएको नेकपा अहिलेसम्म आउंदा कति पटक फुट्यो र कति पटक जुट्यो त्यसको वर्णन गरी साध्य नै छैन । नेपालको राजनीतिक व्यवस्था जति पटक परिवर्तन भयो त्यति पटक नै कम्युनिष्टमा उथलपुथल भएका घटना छन् । केशरजंग रायमाझी को नेतृत्वले राजा महेन्द्रको शाह वंशीय र ाजकालमा कम्युनिष्टलाई दरबारमा मै बुझाएको घटना छ, २०३० सालपछि अनेकौ चिरा चिरामा बिभाजन भएका घटना, २०४८ सालमा संसदीय व्यवस्थाकै खिलापमा सुरु गरिएको माओवादी को १० वर्षे जनयुद्ध, २०५६ सालमा बामदेवले एमाले फुटाएर बनाएको माले, अहिले कायम रहेका जनमोर्चा, माले सिपी, १० वर्षे जनयुद्धको शान्ति प्रक्रिया पछि एक आफसमा बस्न नसकेका माओवादीका विप्लप समूह, बैद्य समूह, गोपाल किरांती लगायतका धेरै समूह आ-आफ्नो डम्फु बजाएर राजनीति गरिहेका छन् ।

पछिल्लो समयमा नेपालमा राजनीति अस्थिरता पैदा भयो, शासन सत्ता वर्ष दिनमैं परिवर्तन हुन थाले भनेर त्यसको लागि स्थिर राजनीति

बाँकी पृष्ठ १० मा

कसैको लोकमा छैन एकनास उन्नति । -लेखनाथ पौड्याल


कदर मिडिया प्रा.लि. द्वारा प्रकाशित

जि.प्र.का.काठमाण्डौं । द.नं: ८०/०७१/०७२

# कदर पाक्षिक

अध्यक्ष/प्रधान-सम्पादक
;d/ /fhfof

सम्पादक
तारादेवी कार्की (रोकाया)

सल्लाकार
मिनबहादुर शाही

कानुनी सल्लाकार
एन. के. बस्नेत

प्रमुख संवादाता
कृष्णबहादुर कार्की

व्यवस्थापक
अनिल बोहोरा

मुद्रण : पुष्पाञ्जली छापाखाना,अनामनगर, काठमाडौं

सम्पर्क कार्यालय
चनपा-१२, चुनदेवी, बलम्बु, काठमाण्डौं
मोबाइल : ९८४९८३०५२६, ९८४७६४५६३६, ९८१८६४५१५०
E-mail :–
kadarp792@gmail.com
kardarmida@gmail.com
kadarnews@gmail.com
Web :– www.kadarnews.com

काठमाडौं वितरक
धर्मपथ, न्यूरोड


# सम्पादकीय

## अस्थिर राजनीति परकाष्ठा

नेपालमा जतियौं पटक शासन व्यवस्था परिवर्तन भएपनि आजसम्मका मितिसम्म राजनीतिक अस्थिरता देखिएको छैन । दश बर्षे जनयुद्ध र ०६२-०६३ को जनआन्दोलनबाट राजतन्त्र फ्याकेर गणतन्त्रको स्थापनाका लागि दुई पटक संविधानसभाको निर्वाचन गरेर जनताकै हातबाट जनताकै लागि भनेर लेखिएको संविधान भनिए पनि त्यसको लागू तिनै संविधान बनाउने नेताहरुले गर्न नसक्दा आज पुन नेपालमा राजनीतिले सही बाटो लिन नसक्दा जनताले रगत बगाएर ल्याएको व्यवस्था नै समाप्त हुने हो की भन्ने शंका उब्जिएको छ ।

२०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा कम्युनिष्टलाई झन्डै दुई तिहाई सिटको मुखमा पुर्‍याएका जनतालाई जनमतको कदर नै नगरी पांच वर्षे कार्य अवधि नसकिदै संसदको बिघठन गरिएको छ । हुंदाखादाको बहुमतको सरकार र संसदमा प्रतिपक्षको भुमिका निरीह भएको अवस्थामा कम्युनिष्टले चाहेकै अनुसार शासन संचालन गर्ने पाउने अवस्था रहेको बेला एकाएक संसदको बिघठन गरी मध्यावधि चुनावको घोषणा गरिएको छ । यसले गर्दा आज जनतामा निरासा र राजनीतिमा अस्थिरता पैदा भई देश मुडभेडको चंगुलमा फसेको देखिन्छ ।

पाक्षिक फोटो फिचर प्रचण्ड नेपाल समुहका बिद्यार्थीहरुले प्रतिनिभिसभा बिघठनबिरुद्धमा निकालेको कार्टुन जुलुस




# दुबै समूहलाई जोडेर सक्लो नेकपा बनाउने प्रयासमा छु

काठमाण्डौ । प्रधानमन्त्री केपी शर्मा ओलीले गएको पुस ५ गते प्रतिनिधिसभा बिघठन गरेपछि देशमा राजनीतिले नयां मोड लिएको छ । कम्युनिष्ट एकताका सूत्रधार तत्कालीन नेकपा एमाले र नेकपा माओवादी केन्द्रलाई एकता गरी नेकपा पार्टी बनाउन सफल प्रमुख पात्र हुन बामदेव गौतम । सोही एकीकृत नेपाल कम्युनिष्ट पार्टी (नेकपा) सचिवालय सदस्य तथा पार्टी उपाध्यक्ष पनि हुन बामदेव गातैम ।

पार्टीभित्र चरम विवाद चलिरहेकै समयमा प्रधानमन्त्रीले प्रतिनिधिसभा बिघठन गरेपछि फुटेर दुई समूहमा चिरा परेको नेकपा कसको भनेर त्यस निर्णयका लागि निर्वाचन आयोगले छानबिन र अध्ययन गरिरहेको छ भने तर अहिले नेकपा प्रचण्डमाधव समूह र ओली समूह मा बिभाजित छ । दुबै समूहले देशैभरी कार्यकर्ता भेला गर्दै एकअर्कालाई हिलो छ्यापाछ्याप गरिरहेका छन् तर पार्टीका उपाध्यक्ष बामदेव गौतम कुनै समूहमा नलागेर दुबै समूहलाई जोडेर सक्लो नेकपा बनाउने प्रयासमा रहेको कुरा उपाध्यक्ष गौतमले हिजो एक प्रेस बिज्ञप्ती निकालेका छन् ।

**उपाध्यक्ष बामदेव गौतमको प्रेस बिज्ञप्ती यस्तो छ :**

**आदरणीय कमरेडहरु,**

आज नेपालको कम्युनिष्ट आन्दोलन गम्भीर संकटको मोडमा पुगेको छ । योसंकटले जुर्मुराउदै उठेको नेपालको कम्युनिष्ट आन्दोलनलाई बिभाजन तर्फ धकेली रहेको छ । नेपालको मात्र होइन एसियाको इतिहासमा पहिलो पटक बहुदलीय प्रतिस्पर्धाको राजनीतिक प्रणाली अन्तर गत कम्युनिष्ट पार्टीले निर्वाचनबाट दुइतिहाई नजिकको बहुमत प्राप्त लोकतान्त्रिक सरकार निर्माण हुनु आफैमा गौरवमय उपलब्धि थियो । यो उपलब्धि मार्क्सवाद लेनिनवादको मार्गदर्शनमा विकसित जनताको बहुदलीय जनवादको अभ्यासका क्रममा प्राप्त भएको हो भन्दा अतिशयोक्ती हने छैन । तर सरकार संचालनको एउटा कार्यकाल पुरा नहुदै र पार्टी एकीकरणको तीन वर्ष पनि ब्यतित नहुदै नेपाल कम्युनिष्ट पार्टी (नेकपा) विभाजनबाट क्षेतविक्षत हुने दिशातर्फ अग्रसर हुनु अत्यन्त दुखद र पिडादायी भएको छ । नेपाली जनताको यति धेरै आशा र भरोसाको केन्द्रका रुपमा रहेको यो पार्टी, राजनीतिक कार्यदिशा, मार्गदर्शक सिद्धान्त, विचार, बहुदलीय समाजवाद निर्माणको कार्ययोजना, पार्टीको रणनीतिक लक्ष्य र वर्ग दृष्टिकोणका सम्बन्धमा होइन पदीय जिम्मेवारी र व्यक्तिवादी कार्यशैली, सरकार संचालन, पार्टी र सरकारको सम्बन्ध कस्तो हुने भनेर उत्पन्न अन्तर विरोधहरुको समाधान गर्न नसक्नाका कार ण विभाजन उन्मुख हुनु पार्टीका शिर्षस्थ नेताहरुको अयोग्यताको द्योतक हो ।

हामी सबैलाई थाहा हुनुपर्छ, चार दशक देखि शान्तिपूर्ण संघर्षका विभिन्न रुपहरु प्रयोग गर्दै राष्ट्रिय राजनीतिक केन्द्रको अग्रभागमा उपस्थित एउटा शक्ति र दश वर्ष सम्म सशस्त्र संघर्ष संचालनको पृष्ठभूमिबाट विकसित भएको अर्को शक्तिका विच भएको एकिकरणले नेपालको राजनीतिक जगतमा नयाा आयाम थपेको थियो । राष्ट्रिय राजनीतिमा महत्वपुर्ण हैसियत राख्ने दुई कम्युनिष्ट पार्टीको एकीकरण भए तापनि दुवैमा रहेको फरक फरक विचार, भावना र कार्यशैलीका

दृष्टिकोण
बामदेव गौतम



कारण नेता र कार्यकर्ताहरुको विचमा अन्तरघुलन हुन केही समय समस्या देखिनु स्वभाविक हो । तर तात्कालिक नीतिगत क्षेत्रमा संविधानको सर्वोच्चता, कानुनी राज्य, आवधिक निर्वाचन र बहुदलीय प्रतिस्पर्धात्मक राजनीतिक प्रणालीलाई दुबैले सहर्ष स्वीकार गरी सके पछि मतभिन्नता त्यति जटिल हुने देखिदैन । सिद्धान्त र कार्यक्रमका सन्दर्भमा केही असमझदारी रहेका थिए, तिनलाई महाधिवेशनबाट टुंगो लगाउने भनि सहमति भएकै थियो । तबसम्म सबै कामहरु अपेक्षाकृत सहमतिका आधारमा सम्पन्न गर्ने सहमति पनि भएकै थियो । पार्टी एकीकरणका नीम्ति गरिएको पछिल्लो सहमति अनुसार पार्टी र सरकारको नेतृत्व आलोपालो गर्ने भनिएकै थियो । अरु कुनै विकल्पमा जानसक्ने अवस्था नहुदा दुई अध्यक्ष प्रणालीमा स्वेच्छाले सहमति भएकै थियो । यस्तो हुंदाहुदै पनि एकीकरणमा सामेल भएका दुई पार्टीका मुख्य नेताहरुमा रहेको व्यवस्थापकीय पक्षको कमजोरीले गर्दा प्रधानमन्त्रीका विरुद्ध अविश्वासको प्रस्ताव लैजाने र प्रतिनिधिसभा भंग गर्ने तथा भर्खर एकीकरण भएको पार्टी विभाजन गर्नेसम्मका दूर्घटना राष्ट्रले बेहोर्न पर्ने अवस्था सृजना भएको छ । पार्टीभित्र उत्पन्न हुने समस्या पार्टीभित्रै समाधान गर्न नसकेर सिंगो राष्ट्रलाई प्रभावित गर्ने संस्था प्रतिनिधि सभालाई दुरुपयोग गर्ने सम्मका घटना घटनु राष्ट्रकै निम्ति अत्यन्तै पीडादायी अवस्था हो ।

पार्टीभित्र उत्पन्न उपरोक्त समस्या समाधान गर्नुको बदला एकीकरण पछिको यो एक वर्ष नेतृत्वको ध्रुवीकरणमा वित्यो । पार्टीभित्र कुनै पनि तहमा संस्थागत छलफल र निर्णय नगरी छापेमार शैलीमा एक अध्यक्षले पार्टीका अध्यक्ष समेत रहेका प्रधानमन्त्रीका विरुद्ध प्रतिनिधिसभामा अविश्वासको प्रस्ताव दर्ता गराउनु र त्यसको सामना गर्ने वा नसक्ने भए राजीनामा दिनुको बदला प्रतिनिधिसभा भंग गर्नेसम्मका दुर्घटना अहिले पार्टीले बेहोंन परेको छ । यतिबेला कार्यकर्ताहरुलाई तानातान गर्दै क.के.पी. शर्मा ओलीको नेतृत्वमा एउटा समूह र क.पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वमा अर्को समूह देखापरेका छन् । प्रतिनिधिसभा विघटनका विरुद्ध प्रचण्ड समूहका कतिपय व्यक्ति पुनर्स्थापनाको माग गर्दै सर्वोच्च अदालत पुगेका छन् । साथै नीजि क्षेत्रका दर्जनभन्दा बढि कानूनविदहरु पनि विघटनका विरुद्ध रिट निवेदनसहित सर्वोच्च अदालत प्रवेश गरेका छन् । नेकपाको प्रचण्ड समूह भने सडक आन्दोलनमा गएको छ । दुबै समूह नेपाल कम्युनिष्ट पार्टी (नेकपा) लाई आफ्नो हक दावी गर्दै निर्वाचन चिन्हमा समेत आफ्नो दावी गरि रहेका छन् ।

उपरोक्त सम्पूर्ण अवस्थालाई सुक्ष्मतम विश्लेषण गर्दै पार्टीको एकता जोगाउन वा पुनःएकीकरण गर्ने उद्देश्य लिएर नेकपाको उपाध्यक्ष रहेको म वामदेव गौतम दुबै समूहलाई समर्थन नगरी नेपाल कम्युनिष्ट पार्टी (नेकपा) एकता राष्ट्रिय अभियानको संयोजक बनेर देश र विदेशमा रहेका सम्पूर्ण पार्टी सदस्य, समर्थक, शुभचिन्तकहरुलाई हार्दिक हार्दिक अपिल गर्दै तपाईहरुका अगाडि खडा भएको छु । यो पार्टी विभाजनमा सामेल हुने र विभाजनलाई नेतृत्व गर्ने कुनै पनि नेतालाई यदि पुनर्एकीकरणको अवस्थामा सामेल हुनुभएन भने लोकतान्त्रिक मूल्यमान्यतामा आधारित समृद्ध समाजवाद निर्माणलाई समर्थन गर्रने नेपाली जनताले कहिल्यै माफि दिने छैनन् ।

उपरोक्त दुबै समूहमा सामेल हुनुभएका कमरेडहरु !

एक अर्कालाई दोष दिदैं, सामान्य मान मर्यादा उल्लघंन गर्दै आफ्ना ऐतिहासिक योगदानहरुलाई च्याखे थापेर देश र विदेशका कम्युनिष्ट विरोधीहरुलाई हसाउदै शुरु गर्नुभएको लडाई बन्द गनुहोस र फर्कनुहोस, पुनर्मिलन गर्नुहोस र हजारौं शहिदहरुको रगतबाट विकसित भएको हाम्रो प्यारो पार्टीलाई मिलेर पुनर्गठन गरौं, ऐतिहासिक शिक्षा लिएर पार्टीलाई व्यवस्थित संचालन गरौं र पार्टीमा उत्पन्न भएका सबै अन्तरविरोधहरुलाई पार्टी पद्धति अनुरुप सम्मानजनक ढंगबाट हल गरौं ।

देश र विदेशमा रहनु भएका हाम्रो पार्टीका प्रिय कमरेडहरु !

नेकपा एकता राष्ट्रिय अभियानमा संगठीत रुपमा जुट्नुहोस ! तपाईहरु जुन ठाउंमा हुनुहुन्छ त्यही नेकपा एकता अभियानको नाम संगठन खडा गर्नुहोस र विभाजनमा ढल्केका कमरेडहरुलाई सम्झाउनुहोस । कुनै पनि समूहका नेता कमरेडहरुको गालीगलौजको शैलीमा विरोध नगर्नुहोस । घरमा आउने कमरेडहरुलाई आफुसक्दो सहयोग गर्नुहोस । सबैलाई सम्मान गर्ने कसैलाई पनि अपमान नगर्ने समाजवादी शैली अपनाउनुहोस । कहिलेकाहीं कोरोना महामारीबाट बच्न सामाजिक दुरी कायम गर्दै प्रत्येकले नाक र मुख ढाक्ने मास्क लगाएर नेकपा एकताको आह्वानमा जुलुस सञ्चालन गर्नुहोस, एकताको सन्देश दिने पर्चा पोष्टर छापेर बाड्नुहोस । यसो गर्नुभयो भने प्रिय कमरेडहरु हाम्रो प्यारो पार्टी र पार्टीका सबै आदरणीय नेताहरुलाई एकै ठाउमा ल्याउन सकिनेछ र पार्टीलाई पुनः एकीकरण गर्न सकिनेछ ।

लालसलाम सहित एकताको क्रान्तिकारी अभिवादन !

धन्यवाद !

वामदेव गौतम
संयोजक
नेपाल कम्युनिष्ट पार्टी (नेकपा) एकता राष्ट्रिय अभियान

## विचार स्तम्भ



'केपी ओलीको उद्देश्य इमान्दारिताको रहेनछ । नाङ्गै हुने छलछामको तरिका अपनाउने रहेछ ।

प्रचण्ड
**अध्यक्ष, नेकपा**



ओलीमा कम्युनिष्ट निष्ठा र संस्कार समेत ररहेनछ ।

माधवकुमार नेपाल
**अध्यक्ष, नेकपा**

# प्रधानमन्त्री जस्तो जिम्मेवार पदमा बसेको व्यक्ति गलत सूचनाको आधारमा बरालिंदा देश र जनताले दुःख पाउनसक्ने भन्ने मेरो आशय



भिमबहादुर रावल
**नेता, नेकपा**

सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली
तथा
पूर्वअध्यक्ष, केन्द्रीय कमिटी, नेपाल कम्युनिस्ट पार्टी (नेकपा)
काठमाडौं ।

प्रिय प्रधानमन्त्रीजी,

मैले आजसम्म तपाईंलाई कुनै पत्र लेखेको छैन, पहिलो पटक लेख्दैछु । अहिले प्रधानमन्त्री पदमा हुनुभएपनि तपाईंको तेह्रथुम आठराईदेखिको इतिहास हेर्दा म जस्तै आमनागरिककै श्रेणीमा पर्ने देखेर प्रिय प्रधानमन्त्रीजी भनी सम्बोधन गरेको छु । यो पत्र कुनै जाागरका साथ लेख्न मन लागेर लेखेको होइन । तपाईंले २०७७ साल पुस २४ गते धनगढीको एउटा आमसभामा प्रधानमन्त्रीको गरिमा र मर्यादालाई समेत ख्याल नगरी तथ्यहीन कुरा गर्नुभएकोले सत्य( तथ्यको स्मरण गराउन यो पत्र लेख्न बाध्य भएको छु । देशको प्रधानमन्त्री जस्तो जिम्मेवार पदमा बसेको व्यक्ति गलत सूचनाको आधारमा बरालिदा देश र जनताले दुःख पाउनसक्ने र स्वयं त्यस्तो महत्वपूर्ण पदको मर्यादा क्षतविक्षत हुनसक्ने स्थितिप्रति संवेदनशील हुनुपर्छ भन्ने मेरो आशय रहेको छ ।

तपाईंसाग २०३२ सालमा केन्द्रीय कारागारमा पहिलो भेट भएदेखि पञ्चायती कालमा हाम्रो त्यति सघन भेटघाट हुन सकेन । तर २०४८ सालमा बहुदलीय व्यवस्थाको स्थापना भएपछि तत्कालीन नेकपा (एमाले) का सबै आरोह(अवरोहमा हामीसागै थियौं । यस अवधिमा तपाईंले मलाई अवश्य पनि राम्ररी चिन्नुभयो होला । तपाईंलाई पनि मैले कम चिनेको छैन । त्यसबेलाका विभिन्न घटनाक्रम, परिदृश्य तथा तपाईंको व्यवहार र कार्यका विभिन्न पत्रहरू अहिले म खोल्न गइरहेको छैन । भविष्यमा आवश्यकता अनुसार त्यो गर्दै गरौंला । यहाा म तपाईंले धनगढीमा गर्नुभएको भाषणको सन्दर्भमा मात्र सीमित हुन चाहन्छु ।

तपाईंको हतासा र उत्तेजनापूर्ण भाषण मैले सुनें । तपाईंले मेरो स्मरण गर्नुभएछ । सुदूरपश्चिमको सभामा बोल्दा तपाईंले मेरो स्मरण गर्नुभएकोमा धन्यवाद । तपाईंले मेरो नाम नलिनु भएपनि मलाई भनेको भन्ने स्पष्ट बुझिनेगरी भन्नुभयो, अछामको एउटा केटो बाटोमा हिंड्दाहिंड्दै पुलिसले समाएर जेलमा ल्याएर मैले राजनीति दिएको थिएं । यस प्रदेशको विकासको समस्या ती मान्छे हुन् । अब यस प्रदेशको समस्या समाधान भएको छ । पिलो निचोरेर ओजन घट्दैन । दुईचार जना पिलो निचोरिएझैं भएका हुन् ।

तपाईंले यति भन्नुभएपछि मलाई सत्य-तथ्य खोल्न सजिलो भएको छ । तपाईं र मेरो उमेरमा करिब पााच वर्षको मात्र फरक छ । केन्द्रीय कारागारमा २०३२ सालमा भेट हादा तपाईं प्रवेशिका परीक्षा उत्तीर्ण गरेको २३ वर्षको 'केटो' हुनुहुन्थ्यो भने म १९ वर्षको आई.ए.पूरा गर्नै लागेको 'केटो' । तपाईंले २०२८ सालमा प्रवेशिका परीक्षा दिनुभयो भने मैले २०२९ सालमा । तपाईंले २०३२ सालको विद्यार्थी आन्दोलन र मसागै केन्द्रीय कारागारमा बन्दी बनाइएका अन्य विद्यार्थी बारे थाहा नपाएर मलाई बाटोमा हिाड्दा हिाड्दै पुलिसले समाएर जेलमा ल्याएको भन्नुभएको होइन भन्ने मैले बुझेको छु ।

तपाईंले एकातर्फ त्यसबेलाको विद्यार्थी आन्दोलनलाई र अर्कोतर्फ मलाई होच्याउने चेष्टा गर्नुभएको हो । तपाईंले २०६१-६२ को जनआन्दोलनलाई बयलवाडा चढेर अमेरिका पुग्न सकिंदैन भनेर होच्याउन खोज्दैमा त्यो आन्दोलन लाई कुनै फरक नपरेझैं मलाई होच्याउन खोजेर केही फरक पर्दैन । तर पार्टी अध्यक्ष र प्रधानमन्त्री जस्तो अग्लो पदमा पुग्नुभएका तपाईंले विद्यार्थी आन्दोलनको सञ्चालन गर्दा पञ्चायती शासन द्वारा गिरफ्तार भई कारागारमा बन्दी तुल्याइएको मलाई मैले राजनीति दिएको थिएं भन्ने धृष्टता कसरी गर्नसक्नुभयो, आश्चर्य लागेको छ ।

कि तपाईंले कारागारमा मसाग भेट हुनुभन्दा पहिल्यै जेलबाट बाहिर आएर मलाई प्रशिक्षण दिएको सपना देख्नुभयो ? तपाईसाग भेट हुनुअघि नै म क्याम्पसमा विद्यार्थी आन्दोलन को नेतृत्व गर्दा गिरफ्तार भएर कार ागारमा बन्दी बनाइएको होइन र ? तपाईसाग त केन्द्रीय कारागारमा मेरो सामान्य परिचय मात्र भएको हो । राधाकृष्ण मैनालीको नेतृत्वमा रहेका झापालीहरूको मेसमा तपाईं हुनु हुन्नथ्यो । उहांहरूले तपाईंका कतिपय कुराहरू अवसरवादी देखिएकाले धेरै कुरा नगर्नु भन्नुभएकोले मैले तपाईसाग कुनै राजनीतिक कुरा नै गरिना । प्रधानमन्त्री जस्तो जिम्मेवार पदमा रहेर झूटा बोल्न किन नहिच्किचाउनु भएको ?

सुदूरपश्चिमका साथै राष्ट्रियस्तरमा विगत ४७ वर्षदेखि कम्युनिस्ट पार्टीको विस्तारमा कटिबद्ध हुंदै गत आमनिर्वाचनमा तपाईंलाई प्रधानमन्त्री बन्नको लागि सुदूर पश्चिम प्रदेशबाट आवश्यक पर्ने स्थानमा पार्टीलाई विजयी गराउन समेत नेतृत्व गरेको मलाई समस्या भन्दै तपाईंले पार्टी फुटाएपछि समस्या हटेको भन्नुको तात्पर्य मैले बुझेको छु । तपाईंका राष्ट्रहित, संविधान र पार्टीको सिद्धान्त, विधि र नीति विरोधी काम कुरालाई रोक्न मैले जुन भूमिका खेल्दै आएको थिएं त्यसप्रति तपाईंको असीमित आक्रोश छ । अब तपाईंले अलगै पार्टी खोल्ने दुष्कर्म गर्नुभएपछि उक्त कामहरू ढुक्कसंग गर्नसकिने ठान्नुभएको होला । तर मजस्तै देशभक्त नेपालीहरू त्यस्ता गलत कामका विरुद्ध निरन्तर जुझिरहने छन् । वस्तुतः देशको लागि सबभन्दा ठूलो समस्या तपाईं नै हुनुभएको कुरा अनेकौं तथ्य र घटनाक्रमले पुष्टि गरिसकेका छन् । केन्द्रीय कमिटीका हाल कायम ४३४ जनामध्ये झण्डै दुईतिहाइ सदस्यहरु तथा नेकपाका देशभरि रहनुभएका हजारौं नेता, कार्यकर्ता र सदस्यहरू लाई पिलो, दुईरचार जना र केही केशहरू भनेर तपाईंले आफ्नो फुटपरस्त, अलोकतान्त्रिक र पार्टी विरोधी दृष्टिकोण स्वयं उदांग गर्नुभएको छ ।

तपाईंले मन्त्री पद दिने वा नदिने भन्ने कुरा व्यक्तिगत सम्पत्ति जस्तो ठान्ने दृष्टिकोणका साथ मलाई मन्त्री बनाउन नमानेकोले रिसाएको भनी कुप्रचार गर्नुभएको रहेछ । म तपाईंलाई सोध्न चाहन्छु । तपाईसाग मैले कुन दिन, कुन मिति र कहाा मन्त्री पदका लागि आग्रह गरें । मैले त तपाईंका गुटका मानिसहरुले मन्त्री हुनको लागि आग्रह गर्दा अस्वीकार गरिदिएको तपाईंलाई अवश्य जानकारी हुनुपर्छ । नेपाली कांग्रेसका सभापति स्वयंले नेतृत्व गरेको प्रदेशबाट अत्यधिक मतका साथ चुनाव जिताउादा त्यहााबाट एकजना पनि मन्त्री नबनाएर सामान्य राजनीतिक नैतिकता र मान्यता नदेखाउने तपाईंले अहिले पार्टी फुटाउन मन्त्री पदको अस्त्र दुरुपयोग गर्दा ँखुसी हुनुपर्ने भनी कसरी अर्ति दिनसक्नुभयो ? वन सम्बन्धी मुद्दा खेपेको व्यक्तिलाई वनमन्त्री बनाउने जस्तो अनैतिक काममाथि पर्दा हाल्न तपाईंले अरूतर्फ सखुवाघारी फांडेर वन सिध्याउने योजना तुहियो, पर्नु पिर पऱ्यो । सालघारी मासेर आफु सप्रिन खोज्ने तत्वहरुको बेग्लै मकसद र उद्देश्य छ । भनी भ्रम सिर्जना गर्न खोज्नुभएको छ । काठतस्करीमा मुद्दा खेपेकालाई वनमन्त्री बनाएर सखुवाघारी फाांडेर वन सिध्याउने र सालघारी मासे आफू सप्रिन खोज्ने योजना तपाईं स्वयंको रहेको भनेर किन नभन्ने ?

भारतीय अतिक्रमणमा परेका लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रलाई समावेश गरी भारतले नक्शा प्रकाशित गरेपछि देशभक्त नेपालीहरुको आवाजसंगै मैले पनि आवाज उठाएको थिए । हाम्रो भूमि भारतले आफ्नो नक्सामा देखाएपछि त्यसको विरोध गर्नुका साथै नेपालले आफ्नो भूमि समावेश गरी नक्सा प्रकाशित गर्नुपर्छ भनी देशभक्त नेपालीहरू, संसदीय समितिहरु र मजस्ता जनप्रतिनिधिहरूले उठाएको आवाज तपाईंलाई मन नपरेर संसदभित्र र बाहिर कटाक्ष गर्नुभएको बिर्सनु त भएको छैन होला नि ? पछि कोरोना महामारीको बीचमा भारतीय रक्षामन्त्रीले हाम्रो उक्त क्षेत्रमा सडककै उद्घघाटन गरेपछि त्यसविरुद्ध तथा नेपालले आ□नो नक्सा प्रकाशित गर्नुपर्छ भनी उठेको आवाज एवं पार्टीको निर्णय थेग्न नसकेपछि मात्र तपाई नक्सा प्रकाशित गर्न तयार हुनुभएको होइन र ? नक्सा त दबाबमा आएर प्रकाशित गर्न तपाईं तयार हुनुभयो तर सीमासम्बन्धी अन्तर्राष्ट्रिय मान्यता तथा नेपाली भूभागमा गरिएको अतिक्रमणको यथार्थ चित्रण गरी सरकारकै एक निकायले प्रकाशित गरेको पुस्तकमाथि प्रतिबन्ध लगाउने तपाईंको कार्यले के बुझाउाछ ? साथै नेपालले नक्सा प्रकाशित गर्दा कुनै अर्को देशको उक्साहट मा गरेको भनी नेपालको अपमान गर्नेलाई नै नेपालमा कुसमयमा आमन्त्रण गरी सम्मान गर्न लगाउने तपाईं नै होइन र ? यस्तो सत्य-तथ्यमाथि पर्दा हाल्न तपाईंले धनगढीमा गएर नक्सा प्रकाशित गरेकोमा उखरमाउलो गरिएको भनी भ्रम फिंजाउने व्यर्थको प्रयास गर्नुभएको छ ।

तपाईंले आफ्नो भाषणमा नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को बहुमत पक्षलाई ँभगौडा भन्दै त्यस्ताका पछि नलाग्न पनि भन्नुभएको रहेछ । यसबारे पनि संक्षेपमा चर्चा गरेर तपाईंलाई यथार्थको सम्झना गराउनु सामयिक हुन्छ । झापा जिल्लामा रामनाथ दाहाल पक्राउ पर्नुभएपछि तपाईं २०२९ साल कार्तिकमा भागेर मोरङमा केही समय माधव कुमार नेपालको डेरामा बसी त्यहााबाट भागेर भारतको गोरखपुर हुंदै नैनिताल गई तीन महिना उखु गोडेर बस्नुभएको हो कि होइन ? त्यहााबाट फेरि तपाईं रौतहट आएका बेला गिरफ्तार हुनुभएको हो कि होइन ? तत्कालीन नेकपा (एमाले)मा तपाईंले निरन्तर गुटबन्दी गरेर पार्टीको विधिबाट भाग्ने प्रवृत्ति देखाउनु भएको हो कि होइन ? दुई ठूला कम्युनिस्ट पार्टी नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) का बीच एकीकरणका बखत तपाईं स्वयंले हस्ताक्षर र सहमति गर्नुभएका घोषणा, सम्झौताबाट तथा त्यसपछि पार्टी सचिवालय, स्थायी कमिटी र केन्द्रीय कमिटीका बैठक पार्टी विधान अनुरुप बस्न नमानेर तपाईं भाग्नुभएको हो कि होइन ? जनताले पााच वर्षका लागि जनमत दिएको प्रतिनिधि सभा भंग गरेर तपाईं संसदबाट भाग्नु भएको हो कि होइन ? सात दशक लामो कठोर संघर्ष र ठूलो बलिदान पश्चात् कम्युनिस्ट पार्टीले हासिल गरेको उपलब्धिको सदुपयोग र रक्षा गर्ने कामबाट भाग्दै तपाईंले पार्टी विभाजन जस्तो अत्यन्त विश्वास घाती काम गर्नुभएको हो कि होइन ? यसरी भाग्नेलाई नै विवेकशील मानिसहरुले ँभगौडा भन्ने गर्छन्, होइन र ? उत्तेजना, आवेश र अमर्यादित शब्दजालले होइन तथ्यगत किसिमले जवाफ दिनुहुनेछ भन्ने अपेक्षा गरेको छु ।

तपाईंले धनगढीमा वन मुद्दा लागेका वनमन्त्रीमार्फत मलाई पागल भन्ने जस्तो निकृष्ट शब्दका साथ गालीगलौज गर्न लगाउनु भएको पनि मैले देखें । यसस्तरमा झरेर देशको प्रधानमन्त्रीले सम्बोधन गर्ने सभामा मन्त्रीले गालीलौज गर्नु विक्षिप्त, हतास र उदण्ड मनस्थिति र चरित्रको द्योतक हो भन्नेमा कसैको दुई मत हुनै सक्दैन । देशका लागि यो राम्रो लक्षण होइन । राज्य चलाउनेहरूमा देखिने यस्तो विक्षिप्त मानसिकताको समयमै राम्ररी चिकित्सकीय परीक्षण गराई निदान र उपचार गराउनु सम्बन्धित व्यक्ति र सरकारको स्वास्थ्यको लागि एवं देशका लागि हितकर हुन्छ, होइन र ? किनकि सनकी, विवेकहीन र उदण्ड मानिसहरुको हातमा राज्य सञ्चालनको जिम्मेवारी जांदा राष्ट्रियता, लोकतन्त्र र जनताको भविष्य नै खतरामा पर्न सक्छ ।

तपाईं विभिन्न कार्यक्रममा जस्ता शब्द, शब्दावली र भावभंगीका साथ आफ्नो प्रतिरक्षा गर्न बल गरिरहनुभएको छ त्यसका लागि तपाईंलाई पर्याप्त समय आवश्यक पर्ने भएकोले अहिले धेरै लामो पत्र नलेख्नुहोला । तपाईंका अभिव्यक्ति अनुरूप थप कुरा लेख्दै गरौंला । झण्डै एकवर्ष बढी समयदेखि सिंहदरबारमा प्रधानमन्त्रीको कुर्सीमा बसेर काम गर्नुभएको छैन, स्वास्थ्यप्रति विशेष ध्यान दिनुहोला ।

सुस्वास्थ्यको कामना सहित
धन्यवाद ।

तपाईंको,

भीम रावल
सदस्य, स्थायी कमिटी
इञ्चार्ज, सुदूरपश्चिम प्रदेश कमिटी
नेपाल कम्युनिस्ट पार्टी (नेकपा)

मितिः २०७७।९।२८

# राष्ट्रपति डोनाल्ड ट्रम्पका समर्थकले फेरि हिंसा फैलाउन सक्ने चेतावनी

एजेन्सी । अमेरिकाको संघीय अनुसन्धान ब्युरो (एफबिआई) ले राष्ट्रपति डोनाल्ड ट्रम्पका समर्थकले फेरि हिंसा फैलाउन सक्ने चेतावनी दिएको छ ।

जनवरी २० मा हुने जो बाइडेनको सपथअघि वासिङ्टन र ५० राज्यकै ठूला सहरमा ट्रम्प समर्थकले प्रदर्शन गर्न लागेको र ती प्रदर्शनले हिंसा भड्किन सक्ने एफबिआईको चेतावनी छ ।

एफबिआईको रिपोर्ट उद्धृत गर्दै अमेरिकी टेलिभिजन एबिसीले एक हतियारधारी समूहले ट्रम्पलाई राष्ट्रपतिबाट हटाउन खोजे आफूहरू वासिङ्टनमा विद्रोह गर्न जाने बताएको उल्लेख गरेको छ ।

यसैबीच अमेरिकी रक्षा मन्त्रालयले बाइडेनको सपथका लागि १५ हजार नेशनल गार्ड खटाउन स्वीकृति दिएको छ । अघिल्लो साता ट्रम्प समर्थकले संसद भवनमा आक्रमण गरेपछि अहिले ६ हजार २०० नेशनल गार्ड वासिङ्टनमा खटाइएको छ । १० हजार जनालाई आउने साता खटाइने छ भने थप ५ हजारलाई पनि तयारी हालतमा राखिने पेन्टागनले जनाएको छ ।

अमेरिकाको नेशनल पार्क सर्भिसले वासिङ्टन स्मारक जनवरी २४ सम्मका लागि बन्द गर्ने निर्णय गरेको छ ।

उता अमेरिकी संसदको तल्लो सदन हाउस अफ रिप्रिन्टेटिभमा डेमोक्र्याट सांसदहरूले ट्रम्पविरूद्ध महाअभियोग प्रस्ताव दर्ता गरेका छन् ।

गत साता ट्रम्पको उक्साहटमा उनका समर्थकले संसद भवनमा हिंसा फैलाएपछि ट्रम्पविरूद्ध महाअभियोग प्रस्ताव ल्याइएको हो । राष्ट्रपतिमा जो बाइडेन निर्वाचित भएको प्रमाणित गर्न संसद बैठक बसेका बेला भएको उक्त हिंसामा एक प्रहरी अधिकारीसहित पाच जनाको मृत्यु भएको थियो ।

राष्ट्रपति ट्रम्पबाट राष्ट्रलाई अझै खतरा रहेको भन्दै उनलाई महाअभियोग लगाउन लागिएको हो । ट्रम्पको कार्यकाल सकिन अब ९ दिनमात्र बाकी छ ।

हाउस अफ रिप्रिन्जेन्टेटिभमा बहुमतका नेता स्टेनी होयरले दुई दिनमा ट्रम्पले राजीनामा दिएनन् वा उनलाई उपराष्ट्रपति माइक पेन्सले हटाएनन् भने बुधबार महाअभियोग प्रस्तावमा मतदान हुने बताए ।

तल्लो सदनबाट महाअभियोग पारित भए अमेरिकाको इतिहासमै दुई पटक महाअभियोग लाग्ने ट्रम्प पहिलो राष्ट्रपति हुने छन् । तल्लो सदनमा डेमोक्र्याटहरूको बहुमत भएकाले महाअभियोग सजिलै पारित हुनेछ । माथिल्लो सदन सिनेटमा पनि उपराष्ट्रपति कमला



ह्यारिसले भोट हालेर डेमोक्र्याटको प्रस्ताव पारित गर्न सक्छिन् । सिनेटको महाअभियोग प्रक्रिया पुरा हुने बेलासम्म ट्रम्पको कार्यकाल सकिइसकेको हुन सक्छ । सिनेटबाट पनि महाअभियोग पारित भयो भने ट्रम्पले सन् २०२४ मा हुने राष्ट्रपति निर्वाचनमा भने उम्मेदवारी दिन पाउने छैनन् ।

यसअघि गत वर्ष पुसमा ट्रम्पविरूद्ध पहिलो पटक महाअभियोग प्रस्ताव ल्याइएको थियो। तल्लो सदनबाट पारित भए पनि सिनेटमा रिपब्लिकनहरूको बहुमत भएकाले उनले सफाइ पाएका थिए ।

# उत्तर कोरियाली नेता किम जोङ उन सत्तारूढ वर्कर्स पार्टीको महासचिवमा निर्वाचित

एजेन्सी । उत्तर कोरियाका नेता किम जोङ उन सत्तारूढ वर्कर्स पार्टीको महासचिवमा निर्वाचित भएका छन् । सरकारी सञ्चारमाध्यम केसिएनएका अनुसार निर्वाचनमा उन सर्वसम्मत रूपमा महासचिव चुनिएका हुन् । वर्कर्स पार्टीको पाच वर्षमा एक पटक हुने अधिवेशनले उनलाई महासचिव चुनेको हो । उनका कोही प्रतिष्पर्धी थिएनन् ।

यसअघि पार्टीको महासचिव उनका बुवा किम जोङ इल थिए । महासचिव निर्वाचित भएसागै सन् २०११देखि उत्तर कोरियाको शासन चलाइरहेका उन झन् शक्तिशाली बन्ने भएका छन् ।

अधिवेशनले सर्वसम्मत रूपमा उनलाई पार्टीको महासचिवमा बढुवा गर्ने कुरालाई पारित गरेको छ,' केसिएनएले भनेको छ ।

आफ्ना बुवाको मृत्यु भएपछि उन २०११ मा सत्तामा आएका थिए । २०१२ मा उनको पार्टीले इललाई सधैंका लागि महासचिव र उनलाई प्रथम सेक्रेटरी बनाएको थियो । सन् २०१६ मा उनलाई पार्टीको अध्यक्ष भनिएको थियो । यसपालिको अधिवेशनले पार्टीको केन्द्रीय कमिटी र पोलिटब्युरोको पनि निर्वाचन गरेको छ ।

उनकी बहिनी किम यो जोङ भने पार्टीको पोलिटब्युरोको सूचीमा छैनन् । यसअघि नै पार्टीको उच्च ओहोदामा रहेकी जोङले दाजुलाई सघाउदै आएकी थिइन् । उनी पोलिटब्युरोमा नपरेपछि उनको भविष्य बारे प्रश्न उठेको छ । यसअघि अधिवेशनको सुरूमा बोल्दै किम जोङ उनले यसअघिको पञ्चवर्षीय योजना सबै क्षेत्रमा असफल भएको स्वीकारेका थिए ।

## अर्थ समाचार

# बैंकहरुको लिलामी प्रहार : अग्र भागमा एनआईसी बैंक

काठमाण्डौ । एनआईसी एसिया बैंकले करिब दुई दर्जन व्यक्तिहरुको फोटो समेतको विवरण पत्रिकामा प्रकाशन गरेर कर चुक्ता गर्न ३५ दिनको समयसीमा तोक्यो । ३५ दिनमा ऋण चुक्ता नगरे ऋणीहरुको सवारी साधनदेखि आफैं बसेका घरजग्गा समेत धितो लिलामी हुने उल्लेख गरिएको छ ।

बैंकले निकालेको सूचना अनुसार अब ३५ दिनभित्र ऋण चुक्ता नगरे सर्लाहीका ओमप्रकाश यादवको तीन वटा बोलेरो गाडी लिलामी हुँदैछ । सर्लाहीकै बलभ्द्र पुरीको मारुती सुजुकी भ्यान लिलामी हुादैछ भने नेत्रसिंह बानियाको १७ विगाहा ३ कट्ठा जग्गा साथै त्यसमा रहेको घर समेत लिलामी हुँदैछ ।

मोरङकी कौशिला लिम्बू र काठमाडौंका श्यामबहादुर तामाङको ३५ दिन भित्रमा ऋण चुक्ता नगरे एनआईसी एशियाले घरजग्गा लिलामी गर्ने उल्लेख गरेको छ । माथि उल्लेखित व्यक्तिहरु प्रतिनिधि पात्रमात्रै हुन्, यस्ता दर्जनौ व्यक्तिहरुको नाम र फोटो अहिले दैनिक जसो पत्रिकामा छापिन्छन् ।

महामारी नसकिदै तुलनात्मक हिसाबले धितो लिलामीमा एनआईसी एसिया बैंक निकै आक्रामक देखिएको छ । अन्य बैंकहरुले धितो लिलामी भने धामाधम गरिरहेका छन् । 'ऋण लिएर समयमा चुक्ता नगरेपछि कानूनी प्रक्रिया पुर्याएर लिलामी गर्नै पर्छ' एक बैंकका सीईओले भने, 'तर कहिले काही थोरै व्यवहारिक हिसाबले पनि हेर्नुपर्ने हुन्छ ।'

एनआईसी एसियाले लकडाउनकै बेला पनि धितो लिलामीका धेरै सूचनाहरु निकाल्यो । लकडाउनकै बेला एनआईसी एसियाले धितो लिलामी गर्न लागेका् उजुरीहरु समेत राष्ट्र बैंकमा पुगेको थियो । उसो त व्यवसायीहरुले एनआइशी एशिया बैंककै प्रधान कार्यालयमा समेत पुगेर गुनासो सुनाएका थिए । धितो लिलामी गर्ने एनआईसी एशिया बैंक मात्रै भने होइन ।

**एकै दिन सय भन्दा बढीको नाममा ३५ दिने सूचना**

पछिल्लो समय दिनप्रति दिन बैंकहरुले कर्जा तिर्न आउनका लागि सूचना जारी गरिरहेका छन् । एनआईसी एशियाले जमानीकर्तासमेत गरी २ दर्जनको नाममा सूचना प्रकाशित गरेको छ ।

उता कृषि विकास बैंकले पनि व्यवसायिक भवन निर्माणका लागि ऋण लिएका ऋणीहरुको धितो लिलाम गर्नका लागि मंगलबार धितो लिलामीकै सूचना निकालेको छ । बैंकले पटक-पटक ऋण चुक्ता गर्न ताकेता गर्दा पनि ऋण चुक्ता नभएका भन्दे लिलामी गर्न लागिएको जनाएको छ ।

काठमाडौंमै रहेको विरेन्द्र थापा, निशा थापा क्षेत्री, विकेन थापा, विरेन्द्र थापा तथा बिएन सुपर मार्केटका नाममा रहेको घरजग्गा लिलामी गर्न लागेको हो ।

कृषि विकास बैंकले मंगलबारमात्रै भाखा नाघेको भन्दै कर्जा बुझाउन २१ दिने सूचना समेत निकालेको छ । बैंकले प्रभु ट्रेड लिंकका प्रोपाइटर दिपेन्द्र यादव र सुनिता लक्ष्मी राणाको नाममा सूचना निकालेको हो ।

प्रोगेसिभ फाइनान्सले पनि करिब एक दर्जन घरजग्गाका साथै गाडि समेत लिलामी गर्नका लागि सार्वजनिक सूचना निकालेको छ । प्रोगेसिभले सुरज पाख्रिनको नाममा भक्तपुरमा रहेको जग्गादेखि चन्द्रमाया तामाङको नाममा रहेको टाटा कम्पनीको टिप्पर लिलामी गर्न लागेको छ ।

मेगा बैंकले पनि दुई दर्जन हाराहारीमै ऋणी तथा जमानीकर्ताको तस्वीर सहित ऋण चुक्ता गर्न आउन ३५ दिने सूचना सार्वजनिक गरेको छ । माथिका सूचनाहरु प्रतिनिधि सूचनामात्रै हुन् । पछिल्लो समय हरेक दिनजसो यस्ता सूचनाहरु निस्कने गरेका छन् ।

**व्यवसायीहरुको विरोध**

कोरोनाका कारण समस्यामा परेको बेला पनि बैंक तथा वित्तीय संस्थाहरुले दुःख दिएको भन्दै व्यवसायीहरु आन्दोलित भएका छन् । विभिन्न क्षेत्रका व्यवसायीहरुले संघर्ष समिति नै गठन गरेर बैंकका विरुद्ध आन्दोलन गर्ने घोषणा गरेका छन् ।

कोरोनाका कालमा पनि बैंकहरुले किस्ता बुझाउन नसक्दा धितो लिलामी गरेको भन्दै व्यवसायीहरु आक्रोशित बनेका छन् । सबै भन्दा धेरै एनआइशी एशिया बैंकले धितो लिलामी गरेर आतंकित बनाएको व्यवसायीहरुले बताएका छन् ।

# काठमाडौं जिल्ला शाखा अध्यक्ष शन्तराम बिडारीको नेतृत्वमा सूचना तथा प्रविधि मन्त्री पार्वत गुरुङलाई १५ बुँदे मागपत्र

काठमाण्डौ। नेपाल पत्रकार महासंघ काठमाडौं जिल्ला शाखा अध्यक्ष शन्तराम बिडारीको नेतृत्वले सूचना तथा प्रविधि मन्त्री पार्वत गुरुङलाई १५ बुदे मागपत्र बुझाएको छ।

पत्रकार महासंघ काठमाण्डौ शाखाले सञ्चार क्षेत्रमा देखिएका समस्याहरु लाई सम्बोधन गरिदिन माग गर्दै शाखाका अध्यक्ष शान्तराम बिडारीले मागपत्र पढेर सुनाई मन्त्री गुरुङलाई बुझाउनु भएको थियो। मागपत्र बुझाउन गएका अध्यक्ष सहित शाखा पदाधिकारी पत्रकार हरुसंग कुरा गर्दै मन्त्री गुरुङले नेपाली पत्रकारिता क्षेत्र सम्मानित पेशा भएको तर कतिपय स(साना घटनामा पत्रकारिता क्षेत्रले पनि बलेको आगोमा घिउ थप्ने काम गरेकोले त्यसको न्यूनिकरण गर्न तर्फ पत्रकारहरुले अहम् भुमिका निभाउनुपर्ने बताए।

मन्त्री गुरुङले पत्रकारहरुका मागहरु अध्ययन गरेर एक हप्ताभित्रमा समाधान गर्ने गरी सम्बोधन गर्ने बताए।

**नेपाल पत्रकार महासंघ काठमाडौं शाखाले बुझाएको १५ बुँदे मागपत्र यस प्रकार छ :**

श्री माननीय मन्त्रीज्यू
सञ्चार तथा सुचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

विषयः ज्ञापनपत्र पेश गरिएको।

उपरोक्त सम्वन्धमा विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) का कारण आम सञ्चारकर्मी, सञ्चार माध्यमहरु र खासगरी साना लगानीमा पत्रकार हरुबाट नै सञ्चालन गरिएका स्वरोजगारमुखी मिडीयाहरु निक्कै प्रताडित बन्न पुगेका छन्। तर उच्च जोखिमका बाबजुद पनि सञ्चारकर्मीहरु तथा सञ्चार माध्यमहरुले आफ्नो पेशागत धर्म निर्वाह गर्नेक्रममा जनतालाई सुसुचित गराउने र सूचना प्रवाहमा लगातार आफ्नो भुमिका निर्वाह गरिरहेका छन्। यस क्रममा सयौं सञ्चारकर्मीहरु संक्रमित भएका छन् भने केहीले ज्यान समेत गुमाउनुपरेको छ।

यस्तो कठिन अवस्थामा सरकारले प्रस्तुत गरेको बजेट तथा नीति-कार्यक्रमहरुमा यो विषयलाई सम्वोधन गरिनुपर्छ, पत्रकारहरुलाई केही न केही राहत प्याकेज घोषणा गरिनुपर्छ भनेर नेपाल पत्रकार महासंघ काठमाडौं शाखाले बारम्बार सरोकारवाला निकायको ध्यानाकर्षण गराउंदै आएको थियो। अझ २०७४ माघ १२ र १३ गते ककनीमा सम्पन्न विस्तरीत बैठकले पारित गरेका १२ बुदे घोषणा पत्र र मागहरु पटक पटक यस अघि पनि मन्त्रालयमा पेश गरिएको यहाांलाई अवगत नै होला।

पछिल्लो समय कतिपय सञ्चार गृहहरुले लामो समय काम गरिसकेका श्रमजीवि पत्रकार हरुलाईलाई पारिश्रमिक नदिने र निष्कासन समेत गर्ने गरेका छन्। कोभिडका कारण उत्पन्न यी र यस्ता समस्याहरु समाधान होस्, सञ्चाररका क्षेत्रमा अहोरात्र खटिने सञ्चारकर्मीहरुलाई केही सहज होस् भन्ने उदेश्यले नेपाल पत्रकार महासंघका काठमाडौं शाखा सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय पार्वत गुरुङ समक्ष निम्न १६ बुदे ध्यानाकर्षणपत्र प्रस्तुत गर्दछ।

तपशिल

(१) अनलाइन न्युज पोर्टलहरुको नविकरणको म्याद यही पुस मसान्तसम्म मात्र रहेको र कोभिडका असरका कारण लामो समय कार्यालयहरु बन्द रहादा त्यसको प्रत्यक्ष प्रभाव नविकरण कार्यमा पर्न गएको अवस्था छ। सुचना विभागमा हुने कागजी उल्झनका कारण अधिकांश अनलाइनहरु अहिलेसम्म पनि नविकरण हुन नसकेको अवस्थामा सोको म्याद अर्को तिन महिना थप गरियोस्।

(२) कोरोना भाइरसको प्रभावले वर्गिकरणमा परेका पत्रपत्रिकाहरुको बिल सुचना विभागमा पुर्याउन केही ढिला भएको कारण विल बुझ्ने र भुक्तानी दिने कार्य विभागले रोकेकोमा तत्काल बिल मगाएर भुक्तानीको व्यवस्था गरियोस्।

(३) समानुपातिक विज्ञापन प्रणाली हालसम्म लागू हुन सकेको छैन। समानुपातिक विज्ञापन नीति लागु नहुन्जेलका लागि स्थानीय र प्रदेश तहबाट उपलब्ध गराइने विज्ञापन समानुपातिक ढागले वितरण गर्ने व्यवस्थाका लागि नीतिगत कदम चालियोस्। र, कोभिडको प्रभावले साना तथा स्वरोजगारमुखी पत्रपत्रिकाहरुलाई निक्कै आर्थिक संकट परेको हुनाले हाल सुचना विभाग मार्फत प्रदान गरिदै आएको लोकल्याणकारी विज्ञापनलाई दोब्बर वृद्धि गरियोस्।

(४) विभिन्न सञ्चारमाध्यममा कार्यरत श्रमजीवि पत्रकारहरुलाई पारिश्रमिक नदिई निष्कासन गर्ने र बेरोजगार बनाउने, खाइपाई आएको सुविधा कटौती गर्ने जस्ता कार्यलाई रोक्दै कोभिडका कारण मर्कामा परेका मिडियाहरुलाई अनुदानको व्यवस्थाका साथै पिडित सञ्चार कर्मीहरुलाई तत्काल पुर्नबहाली र पारिश्रमिक उपलब्ध गराउने वातावरण बनाउन यथाशिघ्र पहल गरियोस्।

(५) करोडौं लगानीमा संचालित ठूला संचार गृहहरुमा अहिलेसम्म श्रमजीवी पत्रकार ऐन लागू हुन सकेको छैन। साथै, ती संचार गृहहरुले ऐन लागू नगर्दा सैयौं श्रमजीवी पत्रकारहरु बीचैमा जागीरबाट निष्काशित हुने, रित्तो हात बाहिरिनुपर्ने जस्ता थुप्रै समस्याहरु यथावत छ। अघिल्लो वर्षबाट लागू भएको मासिक तलव भुक्तानीको बैंकिङ विवरण (पेरोल), कर चुक्ता प्रमाणपत्र संचार गृहहरुले नबुझाउंदा सैयौं पत्रकारले अहिलेसम्म सूचना विभागको कार्ड समेत प्राप्त गर्न सकेका छैनन्। यी समस्या यथाशक्य समाधानका लागि मन्त्रालय, सूचना विभाग, नेपाल पत्रकार महासंघ सहितको सरोकार वाला निकाय रहेको उच्चस्तरीय संयन्त्र बनाएर प्रभावकारी अनुगमन गरियोस। श्रमजीवी पत्रकारका अहिलेका ज्वलन्त यी समस्या समाधान नगर्ने ठुला संचार माध्यमहरुलाई कोभिडपछि दिइने सफ्ट लोन कार्यान्वयनमा ल्याउनु अघि नै श्रमजीवी पत्रकार ऐन पुर्ण कार्यान्वयनको प्रत्याभूति दिलाइयोस्।

(६) सञ्चारकर्मीहरुले खरिद गर्ने सञ्चार सामाग्रीहरुमा अनुदान उपलब्ध गराईदिनुहुनका साथै सञ्चारगृहरुका लागि सवारी साधन खरिद प्रक्रियामा कर तथा भन्सार छुटका लागि नीतिगत पहल गरियोस्।

(७) अनलाइन सञ्चारमाध्यमको समेत मापदण्ड बनाई लोककल्याण कारी विज्ञापन तत्काल उपलब्ध गराउने व्यवस्था गरियोस्।

(८) ६० वर्ष उमेर पुगेका र २५ वर्ष भन्दा बढी समय निरन्तर पत्रकारिता गरिसकेका जेष्ठ तथा अग्रज सञ्चारकर्मीहरुलाई विशेष कोभिड राहत एवं मासिक रुपमा जीवन निर्वाह भत्ताको व्यवस्था गरियोस्।

(९) प्रेस काउन्सीलद्धारा गरिदै आएको पत्रपत्रिकाहरुको वर्गिकरण वैज्ञानिक, परादर्शी र न्यायोचित ढंगले गरियोस्। नियमित प्रकाशनमा आएको पत्रपत्रिकालाई एक बर्षमा नै प्रेस काउन्सीलको वर्गिकरणमा समावेस गर्ने व्यवस्था गरियोस्।

(१०) साना लगानीका मिडियाको संरक्षण, प्रवर्द्धन तथा निरन्तरताको लागि विशेष योजना ल्याइयोस्। साना लगानीका मिडियाको लागि सहुलियत दरमा वा ५० प्रतिशत अनुदानमा कागज, ल्यापटप, विद्युतीय उपकरण, क्यामरा लगायतका सामान खरिद गर्न पाउने व्यवस्था गरियोस्।

विभेदकारी उमेरहदलाई हटाइयोस् र उनीहरुले उक्त संस्थामा गरेको सेवाअवधीको गणना गरियोस्।

शन्तराम बिडारी
अध्यक्ष
मितिः २०७७-०९-२८

## स्वास्थ्य समाचार

### कोरोना भाइरसबिरूद्धको खोपको क्लिनिकल ट्रायल नेपालमा पनि गरिने

काठमाण्डौ। कोरियाली कम्पनीले विकास गरेको कोरोना भाइरस विरुद्धको खोपको क्लिनिकल ट्रायल नेपालमा पनि गरिने भएको छ।

इन्टरनेसनल भ्याक्सिन इन्स्टिच्युट (आईभीआई) कोरियाले विकास गरेको कोरोना भाइरसविरुद्धको खोप नेपालका शिक्षण अस्पताल महाराजगञ्ज र धुलिखे अस्पताल मा मा क्लिनिकल ट्रायल गर्ने तयारी गरिएको हो।

हिमालय टेलिभिजनका अनुसार खोप ट्रायल गर्न नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को इथिकल बोर्डले समेत स्वीकृति दिन उपयुक्त भएको ठहर गरिसकेको छ। खोप ट्रायलका विषयमा अब मन्त्रि परिषद्ले स्वीकृति दिएमा केही सातामै कोरोना भाइरसविरुद्ध आईभीआई को खोपको क्लिनिकल ट्रायल सुरु हुनेछ।

अनुसन्धान परिषद्को इथिकल बोर्डले खोपको क्लिनिकल ट्रायल सुरु गर्ने अनुमतिका लागि मन्त्रिपरिषदमा प्रस्ताव पठाउने तयारी गरेको परिषद्का सदस्य सचिव डा प्रदीप ज्ञवालीले हिमालय टेलिभिजनलाई बताएका छन्। परीक्षणका लागि १८ सय जनामा खोप दिइने तयारी भएको छ।

### कब्जियतबाट छुटकारा पाउन बढी पानी पिउनु पर्ने

एजेन्सी। कब्जियतका समस्या कुनै पनि उमेरका मानिसलाई हुन सक्छ। संसारभर करिब २० प्रतिशत



मानिसहरु कब्जियतको समस्याबाट पीडित हुन्छन्। उपचारबाट कब्जियत निको गराउन गाह्रो हुन्छ। त्यसैले कब्जियतको समस्याबाट छुटकारा पाउनका लागि घरेलु उपचार पनि गर्न सकिन्छ।

नुनपानी
- कब्जियतको समस्या भएमा एक गिलास पानीमा नुन हालेर पिउनुस्। यसले पाचन तन्त्र सफा गर्ने मात्र होइन कब्जियतका लक्षणबाट पनि राहत दिलाउछ। यसले आन्द्राको बाहिरी सफाई गर्छ साथै भित्रि रुपमा नै समस्या कम गराउंछ।

- नुनले शरीरलाई प्राकृतिक रुपमा डिटक्स गर्ने र पाचन प्रणालीमा इलेक्ट्रोलाइट्सको आपूर्ति गर्न मद्दत गर्छ।

-यदि तपाईंले दैनिक रुपमा खाली पेटमा नुन पानी पिउदा धेरै फाइदा पुग्छ।

- नुन पानीका लागि एक लिटर पानी तातो गराउनुस्। हल्का मन तातो पानीमा २ वा ३ चम्चा हालेर पिउने गर्नुस्। र १० मिनेटमा नुनपानी सकाउनुस्।

-निश्चित रुपमा यसले ३० मिनेटमा काम गर्न सुरु गर्छ। र पेटमा भएको विषाक्त पदार्थ र फोहोर बाहिर निकाल्छ। केही समयमा नै तपाई पेट सफा भएको महसुस गर्नुहुन्छ।

**स्वास्थ्य नै ठूलो धन हो**
**कोभिड-१९ को संक्रमणबाट आफू बचौं, अरुलाई पनि बचाऔं।**
**सत्य, तथ्य खबर र यथार्थ सूचना प्रवाह गरौं।**

# केपीभन्दा माधव नेपाल हजार गुणा इमान्दार- प्रचण्ड

पोखरा । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) प्रचण्ड-माधव समूहका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले केपी ओली भन्दा माधवकुमार नेपाल हजार गुणा इमान्दार भएको बताएका छन् । पोखरामा आयोजित प्रदेश स्तरीय कार्यकर्ता भेलामा प्रचण्डले माधव नेपाललाई पञ्चायत विराधी आन्दोलनबाटै चिनेको बताए ।



'केपीभन्दा माधव नेपाल हजार गुणा इमान्दार, हजार गुणा पारदर्शी, हजार गुणा सुशासनको पक्षधर', प्रचण्ड भने । प्रचण्डले माधव नेपाल ओलीभन्दा हजार गुणा बढी क्रान्तिकारी भएको समेत बताए । गणतन्त्रबारे ओलीको धारणा सबैले बुझेको बताउदै प्रचण्डले भने, 'केपी ओलीको उद्देश्य इमान्दारिताको रहेनछ । नाङ्गै हुने छलछामको तरिका अपनाउने रहेछ ।

कसैले भन्दैमा एकता नबिग्रने बताए । 'म माधवको पक्षमा गएकै हो । त्यसो भनेर के बिग्रन्छ ? माधवजी मेरो पक्षमा, म माधवजीको पक्षमा । एकता गरेको हो नि हामीले, ओर्जिनल सहमति हो', प्रचण्डले भने ।

आफूहरु जालझेल गर्नेको पक्षमा नरहेको पनि उनले बताए । तर, ओलीले भने पार्टी एकता पछि बसेको पहिलो स्थायी कमिटी बैठकबाटै घच्याकघुच्चुक गर्न थालेको बताए ।
माओवादी र एमाले एकीकरणमा वामदेव गौतमको महत्वपूर्ण भूमिका रहेको उनले बताए । वामदेवकै पहलकदमीमा पार्टी एकीकरण अगाडि बढेको पनि प्रचण्डले बताए । 'एकताको प्रस्ताव लिएर म गएको हो, केपी ओली आएको होइन तपाईहरुलाई प्रष्ट होओस् ।

तर, ओलीले झुट बोल्ने गरेको अध्यक्ष पचण्डले बताए । त्यस बारे वामदेव गौतमले भनेपछि झनै प्रष्ट भएको पनि अध्यक्ष प्रचण्डले बताएका थिए ।

# संसद पुनःस्थापना हुन्छ कि हुन्न भन्ने बहस गर्दा संविधान र राजनीतिक दुबै पक्षबमाट हेर्नुपर्ने

### पूर्वसभामुख, दमननाथ ढुङ्गाना

काठमाण्डौ । संविधानसभा सदस्य मञ्च नेपालले राजधानीमा गरेको अन्तरक्रियामा बोल्दै पूर्वसभामुख दमननाथ ढुंगानाले अदालतले प्रतिनिधिसभा विघटनलाई सदर गर्ने हो भने संविधान खारेजको फैसला पनि एकसाथ सुनाउनुपर्ने बताएका छन् । यद्यपि अदालतले संविधान अनुसार फैसला गर्छ भन्ने विश्वास आफूलाई रहेको बताए ।

पूर्वसभामुख दमननाथका अनुसार संसद पुनर्स्थापना हुन्छ कि हुन्न भन्ने बहस गर्दा संविधान र राजनीतिक दुबै पक्षबमाट हेर्नुपर्ने बताए । संवैधानिक रुपमा हेर्दा संसद पुनर्स्थापनाको विकल्प नरहेको तर राजनीतिक रुपमा के हुन्छ भन्न नसक्ने उनले बताए ।

संविधान भनेको राजनीतिक दस्तावेज हो । त्यसैले संविधान सम्बन्धी मुद्धा राजनीतिक पनि हुन्छ । अझ, विघटनको मुद्दा त एउटा राजनीतिक पाटो हुन्छ, अर्को संवैधानिक पाटो हुन्छ । जहासम्म संवैधानिक पाटो छ, यो (प्रतिनिधिसभा विघटन) शतप्रतिशत संविधानसाग बाझिएको छ । जबरजस्ती विघटन गरिएको छ ।

अहिले सर्वोच्च अदालतलाई कसले धम्क्याएको भन्ने पनि कम्पिटिसन भइरहेको छ । कहिले काही त्यो कम्पिटिसनमा म पनि उत्रौं कि जस्तो लाग्छ किनभने अदालतको काम कानून बमोजिम फैसला गर्ने हो । संविधान अनुसार फैसला गर्ने हो भने सर्वोच्च अदालतले शतप्रतिशत संसद ब्याताउनुपर्छ । तर राजनीतिक पक्ष म जान्दिना । त्यहां (अदालतमा) राजनीति पस्यो के हुन्छ, त्यो निश्चित छैन ।

यसलाई अपमान नसम्झिइयोस् । यदि सर्वोच्च अदालतले बदिलानी प्रधानमन्त्रीको सिफारिस हो, हामी उहााको बलिदानको अपमान गर्न सक्दैनौ भन्यो भने संविधासभाका सदस्यहरु र हामी नागरिकले भन्नुपर्छ, हे श्रीमान ! तपाईहरुको फैसलालाई हामी अन्यथा भन्न सक्दैनौ ,शिरोपर गर्छौं । यो प्रतिनिधिसभा विघटनलाई मात्र सदर गर्ने होइन, संविधान पनि बदर गरि दिनुस् । किनभने यो संविधानसभा माथि प्रहार हो, संविधानमाथि प्रहार हो, प्रतिगमन नै हो ।

त्यस्तो होस म भन्दिना । बलिदानी प्रधानमन्त्री छन् भने ज्ञानी न्यायाधीशहरु पनि छन् । अदालतको पनि जवाफदेहीता छ, न्यायाधीश हरुले संविधान नाघेर फैसला गर्न सक्दैनन् । उनीहरुको पनि पदीय सुरक्षाको कुरा छ । सडकबाट न्यायाधीश तान्ने दिन आउनसक्छ, हामीले संसारमा देखेका छौं । फिलिपिन्समा त म पुगेकै बेला त्यस्तो भएको छ ।

पूर्वसभामुख ढुंगानाले राष्ट्रियसभाको हिउदे अधिवेशन हठात अन्त्य गरि एको भन्दै अक्रोश पोखेका छन् । राष्ट्रियसभाको अधिवेशन अन्त्य भएको दिन २०१७ साल पुस १ गते जस्तै निराश भएको उनले सुनाए । प्रतिनिधिसभा भंग भएपछि राष्ट्रियसभामा जनताका गुनासो पोखिएला भन्ने लागेको भन्दै उनले भने, त्यसलाई पनि नाटकीय ढंगबाट अन्त्य गरियो । यो सबैलाई सडकमा जाउ भनेको होइन ?'

सडकले निदान दिदैन, सभाले दिन्छ । एउटा सभा विघटन गर्ने, अर्को बल्लबल्ल सुरु भएको छ, त्यसलाई पनि स्थगित गर्नु भनेको सडकमा जाउ भनेको होइन ? सर कारले नै जनतालाई सडकमा जाउ, विद्रोह गर भनेको छ ।

यद्यपि आफूहरुले सडक जानु नपरोस्, अदालतबाट प्रतिनिभिसभा ब्यूतिओस् भन्ने चाहेको बताए । अदालतले जनमतलाई सुन्छ, संविधान हेरेर फैसला गर्छ भन्ने विश्वास गर्न आग्रह गर्दै पूर्वसभामुख ढुंगानाले भने, 'यदि प्रतिनिधिसभा पुनःर्थापित नहुने हो अदालत नाङ्गिने छ '..यो धम्की होइन । संविधानमा विघटन गर्न पाइदैन भनेको छ । त्यसकारण सर्वोच्च अदालतले प्रतिनिधिसभा ब्युझाउनैपर्छ । यदि ब्युझाउादैन भने सर्वोच्च अदालतबारे जनताले के सोच्ने ?'

## भ्रष्टाचार जघन्य अपराध हो

## कृषि समाचार

# बंगलादेशबाट ५० हजार टन युरिया मला नेपाल आई पुग्न एक साता लाग्ने

काठमाण्डौ । सरकारले बंगलादेशबाट खरिद गरेको ५० हजार टन युरिया मल आइपुग्न अझै तीन सता लाग्ने भएको छ । प्रतीतपत्र (एलसी) खोल्ने प्रक्रिया नसकिएका कारण मल ल्याउन अझै केही समय लाग्ने देखिएको कृषि सामाग्री कम्पनी लिमिटेडले जनाएको छ ।

एलसीको ड्राफ्ट गरेर बंगालदेशलाई पठाएको र सो प्रक्रिया पुरा भएको १० दिनमा मल आउन सुरु हुने कम्पनीका सूचना अधिकारी बिष्णु पोखेलले बताए ।

एलसीको ड्राफ्ट गरेर पठाएका छौं, उनीहरु अध्ययन गर्दैछन् । एलसी टुंगोमा पुगेपछि मल आउन थाल्छ' पोखेलले भने ।

एलसी प्रक्रियाका शर्तहरुबारे बंगलादेशले आवश्यक परिवर्तनसहित सहमति पठाएपछि एलसी खोल्ने र त्यसपछि रेल र सडकमार्ग हुंदै मल आउन सुरु गर्ने पोखेलको भनाइ छ ।

अब बढीमा तीन सातासम्म मल लोड हुन सुरुहुने उनले बताए । हाल देशभर मल पर्यप्त मात्रामा रहेकाले बंगलादेशी मल ल्याउन खासै हतारो पनि नभएको कम्पनीले जनाएको छ ।

चालु आवको टेण्डरमार्फत साल्ट ट्रेडिङ र कृषि कम्पनीले खरिद गरेको मल आयत भईरहेको र बिक्री पनि नियमित रहेको कम्पनीले जनाएको छ । ।

# मल आयात गर्ने दुई कम्पनीको धरौटी जफत

काठमाण्डौ । कृषि सामग्री कम्पनीले नेपाली दुई कम्पनी शैलुङ इन्टर प्राइजेज र मुक्तिनाथ कृषि कम्पनीको धरौटी रकम जफत गरेको छ ।

सम्झौता बमोजिम मल नल्याएपछि दुई कम्पनीको गरी ७ लाख ९६ हजार अमेरिकी डलर जफत गरिएको कम्पनीका प्रवक्ता विष्णु पोखरेलले जानकारी दिए ।

'हामीले सम्झौता बमोजिम समयमै मल नल्याएपछि ती कम्पनीलाई कारबाही गरेका छौं,' उनले भने, 'त्यसको पुन टेण्डर पनि खुलिसक्यो । उनका अनुसार शैलुङले मंसिर १३ गते (नोभेम्बर २८) भित्रमा र मुक्तिनाथले मंसिर १९ गतेसम्ममा मल ल्याइसक्ने गरी सम्झौता भएको थियो ।

कम्पनीले प्रथम चौमासिकमा १ लाख ५५ हजार टन बराबरको मल ल्याउन १२ लटमा ग्लोबल टेण्डर गरेको थियो ।

बोलकबोलमा नेपाली कम्पनी शैलुङ, मुक्तिनाथ, इंडियन पोटास कम्पनी (आइपिएल) र दुवैको जेन ट्रेड कम्पनीले टेण्डर पाएका थिए ।

मुक्तिनाथ कम्पनीले युरिया मल ५० हजार र डिएपी २० हजार टन ल्याउन ठेक्का पाएको थियो भने शैलुङले ५५ हजार टन मल ल्याउन ठेक्का पाएको थियो ।

त्यसका लागि कृषि सामग्री कम्पनीले शैलुङलाई ४ लाख २ हजार ५ सय अमेरिकी डलर र मुक्तिनाथलाई युरिया मलको लागि ३ लाख ९९ हजार र डिएपीको लागि ३ लाख ९७ हजार अमेरिकी डलर धरौटी रकम दिएको थियो ।

त्यस्तै, आइपिएलले १० हजार टन पोटास, २० हजार टन डिएपी र दुवैको जेन ट्रेड कम्पनीले २५ हजार टन डिएपी ल्याउने ठेक्का पाएको थियो । ठेक्का सम्झौता अनुसार आइपिएल र जेन ट्रेडको गरी ५५ हजार टन मल मात्र आउन सकेको कम्पनीका प्रवक्ता पोखरेलले जानकारी दिए ।

समयमै मल नल्याएपछि भदौमा पनि शैलुङ र होनीको मल्टिपल कम्पनीको धरौटी रकम जफत गरिएको थियो ।

# प्रधानमन्त्री केपी ओलीलाई इजलासमा आएर बहस गर्न चुनौती

काठमाण्डौ। वरिष्ठ अधिवक्ता शम्भु थापाले एक अन्तक्रिया कार्यक्रममा बोल्दै प्रधानमन्त्री केपी शर्मा ओलीलाई इजलासमा आएर बहस गर्न चुनौती दिएका छन्।
प्रधानमन्त्रीले इजलास गठनदेखि संविधानको धाराहरूको व्याख्या गरेको उल्लेख गर्दै बहसमा आउन चुनौती दिए। थापाले प्रधानमन्त्रीलाई मुद्दामा विपक्षी बनाइएको उल्लेख गर्दै बहसमा आउन चुनौती दिएका हुन्।

थापाले प्रतिनिधि सभा विघटन असंवैधानिक भएको तर्क गर्दै सर्वोच्चमा अदालतमा बहस गर्दै आएका छन्।

## अश्लिल म्यासेज पठाएको आरोपमा आर.आर. का प्रध्यापक पक्राउ

काठमाण्डौ। भृकुटीमण्ड प्रदर्शनी मार्गमा रहेको रत्नराज्य लक्ष्मी क्याम्पसका प्राध्यापक विष्णु प्रसाद आचार्य छात्रालाई अश्लि म्यासेज पठाएको विषयमा पक्राउ परेका छन्। उनलाई महानगरीय प्रहरी परिसर काठमाण्डौको टोलीले पक्राउ गरेको हो।

क्याम्पसमा अध्ययनरत छात्राहरुलाई सामाजिक सञ्जालमार्फत अश्लिल म्यासेज पठाउदै आएका ४५ वर्षीय प्राध्यापक आचार्यलाई क्याम्पसबाटै पक्राउ गरिएको परिसरका प्रमुख एसएसपी अशोक सिंहले जानकारी दिए। आचार्यमाथि अवद्र व्यवहारमा मुद्धा चलाई थप अनुसन्धान अगाडि बढाएको प्रहरीले जनाएको छ।

## भक्तपुरमा आगलाली १२ लाख बराबरको क्षति

काठमाण्डौ। भक्तपुरको सूर्यविनायक मा एक मासु पसलबाट सुरु भएको आगलागी अन्यत्र ५ वटा पसलमा फैलिदा करिव १२ लाख बराबरको क्षति भएको प्रहरीले जानकारी दिएको छ।
राति करिब १२ बजेको समयमा सूर्यबिनायक नगरपालिका ६ पाण्डुबजारस्थित जस्ताको टहरामा भोज बहादुर घिसिङले संचालन गरेको मासु पसलबाट आगलागी सुरु भएको थियो।

प्रहरीको प्रारम्भिक अनुसन्धानमा अचानक बिजुलीको तार सर्ट भई उक्त आगलागी भई नजिकैको अन्य पसलहरुमा समेत सल्किन पुगेको महानगरिय प्रहरी परिसर भक्तपुर का सूचना अधिकारी डीएसपी दिपक गिरीले जानकारी दिएका छन्।
आगोलागी हुंदा बाह्र लाख साठी हजार बराबरको धनमाल जलि नष्ट भएको छ र मानवीय क्षति भने नभएको प्रहरीले जानकारी दिएको छ। उक्त मासु पसल गजिकै रहेको रामकृष्ण चौगुठीको फर्निचर पसलमा रहेको दराज, टेबुल, फर्निचर बनाउने काठ र बा ७५ प ५८२४ नं को मोटर साइकल पूर्ण रुपमा क्षति भएको छ। घिसिङको मासु पसलमा रहेको जिउादो बोईलर कुखुरा २५ वटा, तयारी मासु र फ्रीज १ थान, नारायण साडेमियाले संचालन गरेको चिया पसलमा रहेको फ्रीज १ थान, टेबुल, कुसी नष्ट भएको छ।
बिमल घिमिरेले संचालन गरेको फेन्सी कपडा पसलमा रहेको कपडाहरु र नरेश कर्माचार्यको कोठा समेतमा आगोलागी हादा कोठामा रहेका दराज, पलंग, कार्पेट, बेड बिस्तारा, लत्ता कपडा र अन्य सामान समेत जलेर नष्ट भएको प्रहरीले जानकारी दिएको छ। घटनाको सम्बन्धमा थप अनुसन्धान कार्य भईरहेको छ।

## राष्ट्रियसभाको हिउदे अधिवेशन अन्त्य

काठमाण्डौ। यही पुस १७ गतेबाट सुरु भएको राष्ट्रियसभाको हिउंदे अधिवेशन अन्त्य भएको छ।
जम्मा १० दिनको अवधिमा ४ दिन बैठक बसेको छ। बैठक अवधि ७ घण्टा ५ मिनेट रहेको राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमल्सिनाले जानकारी दिए।

राष्ट्रपतिबाट जारी गरिएका विभिन्न ७ वटा अध्यादेशहरु यसअवधिमा राष्ट्रियसभामा पेस भएका छन्।
संवैधानिक परिषदको काम कर्तव्य र अधिकार सम्बन्धी पहिलो संशोधन अध्यादेश, नेपाल प्रहरी तथा प्रदेश प्रहरीको कार्यसन्चालन तथा सुपरिवेक्षण सम्बन्धी अध्यादेश, सामाजिक सुरक्षा अध्यादेश, तेनाब तथा अन्य घातक रासायनिक पदार्थ को नियमन सम्बन्धी अध्यादेश, औषधि तेस्रो संशोधन अध्यादेश, हिंसाविरुद्ध केही नेपाल ऐन संशोधन अध्यादेश र फौजदारी कसुर तथा फौजदारी कार्यविधि सम्बन्धी अध्यादेश अधिवेशन नचलेको अवस्थामा राष्ट्रपतिबाट जारी गरिएका थिए।
अधिवेशन अन्त्य सम्बन्धी राष्ट्रपति विद्यादेवी भण्डारीले पठाएको पत्र आइतबार राष्ट्रिसभा बैठकमा वाचन गरेर सुनाइएको छ। पत्रमा आइतबार राति १२ बजेबाट राष्ट्रिय सभाको हिउंदे अधिवेशन अन्त्य हुने उल्लेख छ।

## कक्षा ११-१२ को नयाँ पाठ्यक्रम लागू गर्न बाटो खुल्यो

काठमाण्डौ। कक्षा ११ र १२ को नयां पाठ्यक्रम लागू नगर्न भन्दै परेको रिट सर्वोच्च अदालतले खारेज गरिदिएको छ। यो सागै नयां पाठ्यक्रम लागू गर्ने बाटो खुलेको छ।

अदालतका प्रवक्ता भ्ःकाली पोखरेलले न्यायाधीश तेजबहादुर केसी र प्रकाशकुमार ढुंगानाको इजलासले नया पाठ्यक्रम रोक्न भन्दै परेको रिट खारेज गर्दै निर्देशनात्मक आदेश दिएको छ।

नयां पाठ्यक्रम लागु गर्न नहुने भन्दै भागवत अर्याललगायतले पाठ्यक्रम विकास केन्द्र, पोखरा विश्वविद्यालय, मध्यपश्चिम, सुदुरपश्चिम, पूर्वाञ्चल, काठमाडौं र कृषि तथा वन विज्ञान विश्वविद्यालयलाई विपक्षी बनाएर रिट दायर गरेका थिए।

## बिन्दवासिनी म्युजिक प्रालि की अध्यक्ष लिना शर्मा रेग्मी पक्राउ

काठमाण्डौ। गायक प्रमोद खरेललगायत केही कलाकारहरूले परिसरमा प्रतिलिपि अधिकार उल्लंघनमा उनीविरुद्ध जाहेरी दिएको आधारमा प्रतिलिपि अधिकार उल्लंघन गरेको आरोपमा बिन्दवासिनी म्युजिक प्रालिकी अध्यक्ष लिना शर्मा रेग्मी पक्राउ परेकी छन्।

महानगरीय प्रहरी परिसर, काठमाडौंको टोलीले उनलाई पक्राउ गरेको प्रहरी नायब उपरीक्षक प्रमेश बिष्टले बताएका छन्।

## अफिमसहित २ जना पक्राउ

काठमाण्डौ। कुलेश्वर स्थित एउटा होटलबाट प्रहरीले अफिम सहित दुईजनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा मकवानपुर ईन्द्र सरोवर गाउंपालिका घर भएका तिर्थबहादुर गोले र भोजपुर टेक्के मैयुमका प्रकाश सुयल छन्।
महानगरीय अपराध महाशाखाबाट खटिएको प्रहरी टोलीले उनिहरुमध्ये तिर्थ बहादुरको साथबाट १ किलो १ सय ग्राम अफिम बरामद छ। उनीहरुमाथि थप अनुसन्धान भइरहेको महाशाखाले जनाएको छ।

भोको नबसौ स्वस्थ रहौं

**शिक्षा समाचार**

## उपकुलपतिको पुत्ला जल्यो

काठमाण्डौ। मध्यपश्चिमाञ्चल विश्वविद्यालयका विद्यार्थीले उपकुलपतिको पुत्ला जलाएका छन्।

उपकुलपतिको निर्देशनमा विद्यार्थीमाथि आक्रमण र प्रहरी दमन भएको भन्दै विद्यार्थीले सोमबार बिहानै विश्वविद्यालय परिसरमा उपकुलपति नन्दबहादुर सिंहको पुत्ला जलाएका हुन्।



विश्वविद्यालयका उपकुलपति नन्दबहादुर सिंहलाई ज्ञापन पत्र बुझाउन गएका विद्यार्थीमाथि प्रहरीले दमन गरेको थियो।

विद्यार्थीले विश्वविद्यालयमा सम्बन्धनविनै अध्यापन भइरहेको हाइड्रो इन्जिनियरिङ, कोरोना अवधिको शुल्क मिनाहको विषयमा उपकुलपतिलाई ज्ञापनपत्र बुझाउन पुगेका थिए।

उपकुलपतिले ज्ञापन पत्र बुझ्न नमानेपछि धर्नामा बसेका विद्यार्थीमाथी प्रहरीले लाठीचार्ज, अश्रुग्यास र हवाईफायर गरेको विद्यार्थीको दाबी छ। त्यसक्रममा केही विद्यार्थी घाइते भएका छन्।

केही महिनाअघि मात्रै ज्ञापनपत्र बुझाउन उपकुलपति कार्यालय पुगेका नेविसंघका पूर्वकेन्द्रीय सदस्य अनिल शाहीमाथि उपकुलपतिको संलग्नतामा उनकै कार्यकक्षमै कुटपिट भएको थियो।

## स्वास्थ्य सर्तकता अपनाउँदै आजबाट शैक्षिक संस्था चल्ने

काठमाडौं। कोभिड-१९ को जोखिम घट्दो अवस्थामा गएपछि काठमाडौं उपत्यकका सामुदायिक तथा निजी विद्यालय पनि स्वास्थ्यसुरक्षा मापदण्ड पालना गरी माघदेखि क्रमशः खुल्ने भएका छन्।
गत चैतदेखि बन्द रहेका विद्यालय शैक्षिकसत्रभरि नै नखुल्दा विद्यार्थीमा नकारात्मक प्रभाव पर्न सक्ने विश्लेषणसहित यहाका विद्यालयले सम्बन्धित निकायको समन्वयमा प्रत्यक्ष कक्षा सञ्चालनको तयारी गरेका हुन्। अनलाइन तथा रेडियो(टेलिभिजनमा आधारित वैकल्पिक माध्यमको पढाइ प्रभावकारी नभएकाले पनि विद्यालय खोल्न दबाब परेको हो।
कोरोना जोखिम कम भएका काठमाडौा उपत्यका बाहिरका अधिकांश स्थानका विद्यालय गत मङ्सिरदेखि स्थानीय तहको अनुमतिमा सञ्चालनमा आएका थिए। ती विद्यालयमा सङ्क्रमित शिक्षक वा विद्यार्थी देखिए केही साता बन्दपछि पुनः सञ्चालनको प्रयोग पनि गरिएको छ। हाल देशभर दैनिक करीब ५०० र काठमाडौंमा २०० को हाराहारीमा सङ्क्रमित देखिएका छन्।
कोभिड-१९ को समन्वय र सुझावमा अन्य क्षेत्र पनि खोल्ने तयारीसागै जनस्वास्थ्यका मापदण्ड पालना गरी क्रमशः विद्यालय खोल्न तयारीमा छन्। गाडीको प्रयोग नगरी माथिल्लो कक्षाबाट दिनमा तीन(चार घण्टाका दरले प्रयोगका रुपमा विद्यालय खोल्न सकिने छ।

काठमाडौमा ९२ सामुदायिक र ६४५ निजी (संस्थागत) विद्यालय छन्। यसैगरी सामुदायिकमा ४३ हजार र निजीमा एक लाख १० हजार विद्यार्थी छन्।
कोभिड-१९ को केन्द्रीय संयोजक समितिले विद्यालयलगायत विभिन्न क्षेत्र खुलाउन मन्त्रिपरिषद्मा सिफारिस गरेको छ।
भक्तपुर र ललितपुरका कतिपय विद्यालय यसअघि नै सञ्चालनमा आएका छन्। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गत महिना जारी गरेको 'विद्यालय सञ्चालन कार्यढाचा, २०७७' बमोजिम स्थानीय तहले सरोकार भएका पक्षसागको परामर्शमा वैकल्पिक सिकाइको निर न्तरताका साथै प्रत्यक्ष पढाइ शुरु भएको थियो। विद्यालय खोल्नपूर्व अनिवार्यरुपमा निर्मलीकरण गर्नुपर्नेछ। तर देशभर अनिवार्यरुपमा सञ्चालनका लागि मन्त्रिपरिषद्को निर्णय आवश्यक पर्ने छ।

## WOMB OF WATER

*लिकुमारी शर्मा (बस्याल)*



Water is power.
It gives birth to many things.
It produces the air and sun.
It creates the earthly things.
The origin of light is water.
Water has wonderful womb to give many lives.
It has tsunamy to bring death and life.
It is huge in space and it is liquid.
It is fearful and it is lovely too.
It has multi faces .
It is really making happy to living things.

## रोशनी गुरूङकको ‘स्वर्गको एक फन्को’

नयां पुस्ताकी कवि रोशनी गुरूङको कविता सङ्ग्रह ‘स्वर्गको एक फन्को’ मा सङ्ग्रहित यी हरफले कविमा रहेको देशप्रेमलाई ओतप्रोत रूपले झल्काएको छ ।

लामो समयदेखि रेडियो र पत्रकारितामा संलग्न रहादै आएकी कवि गुरूङका कविताहरू धेरै पहिलाबाट नै सामाजिक सञ्जालमा पढ्दै आएकी थिएं ।

नवीन शिल्प र शैलीमा लेखिएका यिनका कवितामा सरलता र सहजता पाइन्छ । सामान्य पाठकले पनि सरल रूपमा बुझ्न सक्नु यिनका कविताको विशेषता हो । गुरूङ समुदायमा जन्मि हुर्केकी कवि गुरूङमा आफ्नो संस्कार संस्कृति परम्परा रितिथिति भेषभुषाप्रति अगाध स्नेह रहेको छ ।

‘स्वर्गको एक फन्को’ कविताको शीर्षकमै मिथकता देख्छु । नयां पुस्तामा पनि यति धेरै आफ्नो संस्कार संस्कृतिप्रति गहिरो सचेतना भेटिन्छ । जसको प्रमाण यो कविता संग्रहकै प्रथम कविता ‘मैले धरती छोडेको दिन’मा पाउन सकिन्छ । यो एउटा कविता पढ्दा गैर गुरूङ समुदायले पनि गुरूङ समुदायको मृत्यु संस्कारलाई छर्लङ्ग बुझ्न सक्छन् ।

जम्मा २८ वटा कविताको सञ्चयन रहेको ‘स्वर्गको एक फन्को’ कविता सङ्ग्रहमा रहेको हरेक कविताले कविको आफ्नो जन्मथलो, आफ्नो कला, संस्कृति, धर्म, परम्परा, माटोको माया आदि बोलेको छ ।

स्वर्गका कुरा, पुर्खाको परम्परा, परदेशी छोराका पर्खाइमा रहेकी बुढी आमाको त्यो कारूणिक व्यथाले मनलाई चिसो बनाउछ । आफ्ना स्वर्गीय बाबासाग आफ्नो जन्मस्थान कास्कीको याङ्जाकोटमा बिताएको वालापनको मीठासपूर्ण ढङ्गले विशुद्ध आर्गानिक तरिकाले वर्णन गरेकी छन् ।

पहाडी जनजीवन नदेखेका नभोगेकाको लागि पनि सजीव चित्र हुन् यीनका कविता। जसमा रोधी घाटुदेखि मालश्री धुनको पनि चर्चा गरेकी छन् । पर्यटकीय हिसाबले पनि सुन्दर आफ्नो गाउंठाउंप्रति यति धेरै स्नेह र लगाव हुनुले पनि कविमा माटोप्रतिको मोह कति छ भनेर बुझ्न सकिन्छ ।

गाउंको परिवेशमा केन्द्रित रहेर लेखिएका अधिकांश कवितामा गाउाको मीठास पाईन्छ । पुसे पन्ध्र, दशैं, असारे रोपाईको रमाइलोमा गजब मिठास पाइन्छ । प्रेमका मीठासपूर्ण भावना, प्रेमीको प्रतिक्षाका साथै दशैंको आगमन हुंदै गरेको अवस्थामा गाउंघरमा हुने चहलपहल रातो कमेरो माटोले घर लिप्ने पोत्नेदेखि लिएर पिङ हाल्ने कुरा समेतलाई ‘दशैं’ शीर्षकको कवितामा मीठासपूर्ण तरिकाले उतारेकी छन् ।

कविता पढ्दै जांदा त्यस ठाउंमा कवि नभएर स्वयम् नै त्यहां भएको महसुस गरायो । नेपाली भाषामा नै लेखिएको कविता सङ्ग्रह भए पनि गुरूङ संस्कार र परम्परासाग जोडिएका थुप्रै गुरूङ भाषाका शब्दको प्रयोग भएको छ ।

यसबाट पनि कविको आफ्नो मातृभाषाप्रतिको मोह र उच्च सम्मानलाई बुझ्न सकिन्छ । आफ्नो मातृभाषामा लेखिएका शब्दलाई नोटका रूपमा तल नेपाली भाषामा समेत शब्दको अर्थ प्रष्ट पारिएको छ ।

गाउंले परिवेश पहाडी हावापानी, जडिबुटी, खेतखल्यान, गोठाले जीवन, परदेशीका पीडादेखि लिएर मायाप्रेमको मधुर सुगन्धले भरिपूर्ण ‘स्वर्गको एक फन्को’ कविता सङ्ग्रह नै एउटा मिथक परम्परा र प्रतीक जस्तो लाग्छ ।

आजको २१औं शताब्दीमा पनि स्वर्ग पुग्ने मरिसकेका पितृसाग भेट हुने चाहना राख्ने जस्ता विचारले कविमा मिथकीय चेतना मरेपछि स्वर्ग या नर्क पुगिन्छ भन्ने परम्परागत सोचाइ रहेको देखिन्छ ।

प्रायः सबै विषयमा सरल र सहज तरिकाले कलम चलाउन सक्नु र झिनो विषयवस्तुलाई पनि मीठो कविताको स्वरूपमा ढाल्नसक्नु कवि रोशनी गुरूङको कविमा हुनुपर्ने मुख्य गुण रहेको छ । यीनका कविताहरु कविता बनाउनका लागि करबलले कोरिएका छैनन् । आफूले जे देखिन्, जे भोगिन् त्यहि भावना नै कविता बनेको छ ।
नयां पुस्ताका कविका बीचमा आफूलाई उभ्याउन सफल कवि गुरूङका कवितामा आफ्नै किसिमको सुगन्ध पाउन सकिन्छ ।

स्वच्छन्दवादी शैलीमा रचिएका कविताले सामान्य पाठकदेखि साहित्यमा विशेष दखल राख्ने वर्गकोसमेत ध्यानाकर्षण गर्न सफल छ ।

कविता पढ्ने क्रममा कतैकतै भने पदसंगती नमिले जस्तो लाग्छ । यस्तो हुनुमा कविको मातृभाषाको प्रभाव पनि हुनसक्छ । नयां पुस्ताका कविले व्यथिति विसंगति र राजनीतिक अवस्थालाई कडा रूपमा उठान गर्न नसकेको देखिन्छ । अन्य पक्ष भने उत्कृष्ट छन् ।

पृष्ठ ९ देखि पृष्ठ ८६ सम्म अनुबन्धित कविता पढ्दै जादा कहिकतै झिंझो लाग्ने यस्तो भएको भए हुने थियो भन्ने ठाउा भेटिएन ।

कविता जस्तै मीठो साजसज्जामा रहेको कविता सङ्ग्रहको शीर्षक र बाहिरि आवरणले नै पाठकलाई कविता सङ्ग्रह भित्र प्रवेश गर्न कौतुहलता जगाउंछ । भाषिक शुद्धाशुद्धिमा पनि विशेष रुपमा ध्यान पुर्‍याएको कविता सङ्ग्रहलाई गुरुङ साहित्यिक मञ्च नेपालले २०७६ पुसमा प्रकाशनमा ल्याएको हो ।

**पर्यटन समाचार**

## भिजिट कर्णालीद्वारा हिउंदमा रारा घुम्न प्याकेज

काठमाण्डौ । भिजिट कर्णालीले हिउंदमा रारा घुम्ने प्याकेज ल्याएको छ ।
पुस दोस्रो हप्तादेखि रारामा हिउं पर्न सुरु गरेको र यो फागुनसम्म हुने भएकाले सोही अवधिका लागि हिउंमा खेल्न जाउ रारा भन्ने प्याकेज ल्याइएको कम्पनीले जानकारी दिएको छ ।

हिउंमा खेल्न तथा रारा घुम्नका लागि आन्तरिक पर्यटकलाई आकर्षित गर्न उक्त प्याकेज ल्याइएको भिजिट कर्णालीका प्रबन्ध निर्देशक राजु कार्कीले जानकारी दिए ।
यो प्याकेज दुई रात तीन दिनको रहेको छ । काठमाडौंका लागि यो प्याकेजको मूल्य २३ हजार ५ सय रुपैयाा, नेपालगन्जका लागि १६ हजार ५ सय रुपैयाा रहेको छ ।



यो प्याकेजमा हवाईजहाज दुईतर्फी टिकट, रारामा बास बस्न तथा खाना, राष्ट्रिय निकुञ्ज प्रवेश टिकट, गाईड सुविधा र तातो पानीको सुविधा रहेको कार्कीले जानकारी दिएका छन् ।

## विश्वकै अग्लो स्वि र दोस्रो बन्जी हो मुख्यमन्त्री गुरु

पर्वत । गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरूङले कुश्मामा विश्वकै अग्लो स्विङ र विश्वकै दोस्रो अग्लो बन्जी सुरू हुनु प्रदेशकै गर्वको कुरा रहेको बताएका छन् ।



कालीगण्डकी खोंचमा पर्वतको कुश्मा र बाग्लुङको बलेवा जोड्ने गरी बन्जीका लागि बनाइएको पुलको अवलोकन गर्दै यस्ता एड्भेन्चर गतिविधिले कुश्मा र बाग्लुङको मात्र नभै गण्डकी प्रदेशकै पर्यटकीय माहोल बढाएको मुख्यमन्त्री गुरूङले बताए । 'नेपाली लगानीकर्ता र नेपाली जनशक्तिले अन्तर्राष्ट्रिय स्तरको एड्भेन्चर सञ्चालन भएको सुन्दा निकै खुसी लाग्यो,' उनले भने, 'प्रदेश सरकार पनि पर्यटन प्रवर्द्धनमा लागि परेको छ । कुश्माको बन्जी प्रदेशकै गहना हो । यहांहरूको प्रयासमा होस्टेमा हैंसे गर्न हामी तयार छौं । राजनीतिक कार्यक्रमलाई सम्बोधन गर्न कुश्मा पुगेका गुरूङले अर्कोपटक अझै धेरै समय बिताउन आउने योजना बनाएको मुख्यमन्त्रीका प्रेस संयोजक विक्रम न्यौपानेले बताए ।

कोभिड-१९ को जोखिमबाट
आफू पनि बचौं अरुलाई पनि बचाऔं ।

# पालिकाद्वारा सुत्केरी व्यथा लागेकी महिलालाई उद्धार

कालीकोट । कालिकोट जिल्लाको पचालझरना गाउंपालिका वडा नम्बर ७ नवासी एक महला सुशीला ऐडीलाई सुत्केरी व्यथा लागेर बच्चा जन्माउन नसक्दा तत्तकालै गाउापालिकाले सेनाको हेलिकप्टरबाट उद्धार गरेको छ । विशेषतः पालिका अध्यक्ष खडगराज सेजुवालको पहलमा उद्धार गरिएको बुझिएको छ ।

प्राप्त समाचार अनुसार ति सुत्केरी महिलालाई हेलिकप्टरबाट उद्धारका लागि जिल्ला प्रशासन कार्यालय कालिकोटका प्रमुख जिल्ला अधिकारी र राष्ट्पति महिला उद्दान कार्यक्रमको टिमले सहयोग गरेकाले पालिकाले आभार प्रर्कट गर्दै धन्यवाद समेत दिएको छ ।

सुत्केरी व्यथा लागेर बच्चा जन्माउन नसक्दा ति महिलालाई समयमै उद्धार गरेर पालिकाले उदाहरणीय काम गरेकाले धन्यवादका साथै आगामी दिनमा पनि यस्ता खाले मानवीयता र विकास निर्माणका काममा पालिकाको ध्यान गइरहोस् शुभकामना ।

# अनेरास्वीयूद्धारा बयलगाढा जुलुस

बुटवल । प्रधानमन्त्री ओली पुस ५ गते प्रतिनिधिसभा बिघटन गरेपछि अहिले दिनहुं जसो सडकमा प्रदर्शन भइरहेको छ । यसै क्रममा आन्दोलनरत प्रचण्ड-माधव नेपाल समूह निकट अनेरास्वबियूले बयलगाढा सहित प्रदर्शन गरेका छन् ।

थापाथली इन्जिनियरिङ क्याम्पसमा भेला भएर विद्यार्थीहरुले बयलगाढा सहित प्रदर्शन गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीको पुत्ला जलाए । प्रदर्शनमा अनेरास्वबियू सहसंयोजक रञ्जित तामाङ लगायत सहभागी थिए ।

विगतमा ओलीले 'गणतन्त्र ल्याउछौं भन्नु बयलगाढा चढेर अमेरिका पुग्नुजस्तै हो' भनेको, तर नेपालमा गणतन्त्र स्थापना भएको र अहिले ओलीले गणतन्त्रको उपलब्धीलाई संकटमा पार्ने गरी संसद विघटन गरेकाले त्यसको विरोधमा बयलगाढासहित प्रदर्शन गरिएको अनेरास्वबियूका नेता सुरेन्द्र बस्नेतले बताए ।

थापाथली क्याम्पस परिसरबाट बयलगाढासहित विद्यार्थीहरु सडकमा आउनासाथ प्रहरीले उनीहरुलाई तितरबितर पारेको थियो ।

संसद विघटनको विरोध गर्दै प्रचण्ड-माधव समूह निकट अनेरास्वबियू हाल दोस्रो चरणको आन्दोलनमा रहेको छ ।

# कालिकोटमा यातायात साधनमा अनिवार्य भाडादर टास्न परिपत्र

कालिकोट । कर्णाली करिडोरमा संचालन भईरहेका सबै खाले यातायात साधनहरुमा अनिवार्य भाडादर टास्नुपर्ने छ। कालिकोटको सदरमुकाम मान्मा मा बसेको जिल्लास्तरीय सर्वदलिय बैठकले यस्तो निर्णय गरेको हो ।

करिडोरमा संचालित यातायात व्यावसायीहरूले यात्रुबाट मनपरि भाडा असुलेको गुनासो आएपछि यातायात समिति, जिल्लाका राजनीतिक दल, नागरिक समाज, पत्रकारहरूबीच भएको सर्वदलीय बैठकले अब देखि कर्णाली करिडोर मा संचालनमा आएका यातायात साधनहरुमा अनिवार्य रूपमा भाडादर टासेर तोकिएको भाडादर लिन र मनपरी भाडा लिएमा रूट परमिड समेत खारेज गर्ने निर्णय गरेको छ ।

कर्णाली करिडोरमा अहिले संचालनमा ३० वटा जिप र २६ वटा मालवाहक ट्रक संचालनमा छन्, केही आधिकारिक रूपमा संचालन अनुमति पाएर संचालनमा छन भने, केही सवारी साधन अनुमति नपाएरै संचालन भएकाले एक हप्ताभित्र अनुमति बिना चलेका सवारी साधनले, प्रक्रियामा जान समय दिएको छ ।

बैठकले यात्रुको मर्कालाई मध्याजर गर्दै अर्को बैठकमा करिडोरमा मिनिबस संचालन गर्ने पनि निर्णय गरेको छ ।

बैठकका निर्णय अनुसार एक यात्रुको साथमा रहेको २५ किलो सम्मको सामानको भाडा नलिने, र २५ किलो भन्दा माथि सामान भएमा सामानको भाडा लिन सवारी साधनलाई निर्देशन दिएको छ ।

त्यस्तै बैठकले, लालिघाटदेखि रास्कोट, जारकोट, भुराबगर नरहरि नाथ, शान्नि तिवेणी गाउापालिकामा सम्म संचालन हाने सवारी साधनले आफ्नो समय अनुसार यात्रु नभरिए पनि पुग्ने ठाउामा गुड्नै पर्ने, निर्णय समेत गरेको छ ।

बैठकले नरहरिनाथ गाउापालिका र शान्नि तिवेणि गाउापालिकामा पनि नियमित सवारि संचालन गर्ने निर्णय गरेको छ । यो भन्दा अगाढि, संचालनमा रहेका नीजि गाडिले मनपरि भाडा र सडक भएर पनि यातायात नचल्दा सर्वसाधरणदेखि अन्य भइपरी समयमा दुख पाईर हेकाले नरहरिनाथ र शान्नि तिवेणि गाउंपालिकामा गाडि नियमित संचालन गर्ने निर्णय भएको बताइएको छ ।

# निर्मलाका बलान्तकारी खै भन्नेलाई पक्राउ

धनगढी । धनगढीमा ओली पक्षले गरिएको कार्यक्रममा प्रधानमन्त्री केपी शर्मा ओली सम्बोधन गर्न गएका थिए । सोही कार्यक्रममा 'निर्मला पन्तको बलात्कारी खै ? लेखेको टिसर्ट लगाएर जाने युवालाई प्रहरीले पक्राउ गरिएको छ ।

## समाजसेवाको नाममा ठगी

सुर्खेत । समाजसेवाको नाममा ठगीको धन्दा चलाएको आरोपमा एक युवती पक्राउ परेकी छन् । इटहरी उपमहानगर पालिका-४, सुनसरीकी २४ वर्षीया विद्या शर्मा नाम बताउने विद्या सरकार पक्राउ परेकी हुन् । उनलाई प्रहरीले आज दैलेखमा सार्वजनिक गरेको छ । दैलेख प्रहरीको समन्वयमा महानगरीय प्रहरी परिसर टेकु काठमाडौंले ती युवतीलाई पक्राउ गरेको हो । आफूलाई अभियन्ता र समाजसेवीका रूपमा चिनाउाने विद्या केही समयअघि कोरोना महामारीका बेला दैलेखसम्म पुगेर राहत वितरण गरेकी थिइन् ।

दैलेखको नारायण नगरपालिकामा आएकी उनले आफू अन्तर्राष्ट्रिय सिंगापुर रेडक्रस सोसाइटीको नेपाल प्रमुख (सीईओ) हु भन्दै विभिन्न ठगी सम्बन्धिका गतिविधी गरेको जिल्ला प्रहरी कार्यालय दैलेखका डीएसपी अनुपम श्रेष्ठले जानकारी दिए ।

डीएसपी श्रेष्ठका अनुसार उनले कहिले मृतात्माको शान्तिको लागि, कहिले सामाजिक सेवा र अभियान को निम्ति भनेर धेरै मानिस हरू बाट पैसा उठाएर मानिसहरू लाई पीडित बनाएकी छन्। लकडाउनका बेला गत असारमा दैलेख आएकी विद्याले आफनो संस्थाले स्थानीय तहमा स्वास्थ्य सामग्री र राहत बााड्ने जिम्मा आफूलाई दिएको भन्दै केही स्थानीय तहमा स्वास्थ्य सामग्री र खाद्यान्न वितरण गरेकी थिइन् ।

उनले स्थानीय तहको समुन्वयमा स्वास्थ्य सामग्री, त्रिपाल, सेनिटाइजर , मास्क, पन्जा र खाद्यान्न वितरण गरेकी थिइन् ।

आफ्नो अमेरिकाको लागि भिसा लागेको र आफूले ८-१० जना युवालाई अमेरिका पठाउन सक्छु भन्दै युवालाई प्रलोभन देखाएको पाइएको छ ।

प्रलोभन देखाएर उनले कात्तिक १४ गते नारायण नगरपालिका-१, नयाबजारका मनोज थापालाई बैंकमार्फत ९० हजार रुपैयाा जम्मा गर्न लगाएर ठगी गरेको उजुरीसमेत प्राप्त भएको दैलेख प्रहरीले जनाएको छ। त्यस दिनदेखि मनोजसाग विद्या सम्पर्कविहीन भएकी थिइन् ।

उनले नारायण नगरपालिका-१, का २८ वर्षीय विवेक थापालाई पनि अमेरिका पठाउने प्रलोभनमा पारी वैशाख ३१ गतेदेखि असोज १८ गतेसम्म ५२ लाख १४ हजार दश रुपैयां पठाउन लगाएर सम्पर्कविहीन भएकी थिइन् । ठगी कसुर अन्तर्गत विवेकको जाहेरी दरखास्त परेपछि प्रहरी अदालतबाट पुस ९ गते पक्राउ अनुमति पाएको थियो ।

**रोजगार समाचार**

# नायब सुब्बा (नासु) पदमा ८४३ जनाका लागि विज्ञापन खुला

काठमाण्डौ । लोक सेवा आयोगले नायब सुब्बा (नासु) पदमा ८४३ जनाका लागि विज्ञापन खुलाएको छ । खुल्लाबाट ४११ र ज्येष्ठता र कार्यक्षमता मूल्यांकन बढुवाबाट ४३२ जना पदपूर्ति गर्ने गरी लोक सेवाले आज बुधबार नासु (अप्राविधिक) पदमा विज्ञापन प्रकाशित गरेको हो ।

काठमाडौं कार्यालयबाट खुलामा १५०, ज्येष्ठताबाट ९८ र कार्यक्षमताबाट ४८ गरी जम्मा २९६ जनाका लागि विज्ञापन खुलाइएको छ ।

यसैगरी धनकुटा कार्यालयबाट खुलामा ४७, ज्येष्ठताको आधारमा ३१ र कार्यक्षमताको आधारमा १८ गरी ९६ जनाका लागि विज्ञापन प्रकाशित भएको छ ।

जलेश्वर कार्यालयबाट खुलाबाट ४९, ज्येष्ठताको आधारमा ४९ र कार्यक्षमताको आधारमा २३ जना गरी कूल १२१ जना सुब्बाको पदपूर्ति गरिने छ ।

पोखरा कार्यालयबाट खुल्लाबाट ५२, ज्येष्ठताको आधारमा ३५ र कार्यक्षमताको आधारमा १७ जनाको पदपूर्ति हुने लोक सेवा आयोगले जनाएको छ ।

बुटवल कार्यालयबाट खुल्लामार्फत् ५३ जनाको पदपूर्ति हुने छ । यस कार्यालयबाट ज्येष्ठताको आधारमा ३७ र कार्यक्षमताको आधारमा २२ जनालाई बढुवा गरी पदपूर्ति गरिने छ ।

सुर्खेत कार्यालयबाट खुल्लामा २३, ज्येष्ठताको आधारमा १९ र कार्यक्षमताको आधारमा १० गरी कूल ५२ जना नासुको पदपूर्ति हुने छ ।

यसैगरी दिपायल कार्यालयबाट खुल्लामा ३७ जनाको विज्ञापन खुलेको छ । यस कार्यालयबाट ज्येष्ठताको आधारमा १६ र कार्यक्षमता मूल्यांकनबाट ९ जनाको बढुवा गरी पदपूर्ति गरिने लोक सेवा आयोगले जनाएको छ ।

# योग्यताअनुसार अन द स्पट जागिर दिने मेला राजधानीमा संचालन

योग्यताअनुसार अन द स्पट जागिर दिने मेला बिहीबारदेखि राजधानीमा आयोजना हुने भएको छ । विभिन्न कम्पनीका लागि मानव संशाधनको काम गर्दै आएको संस्था एस्पायर नेपालको आयोजनामा राजधानीको सोल्टी होटलमा सञ्चालन हुन लागेको नेपाल जब फेयर २०२१ मा रोजगारदाताले बेरोजगारहरुको योग्यता र क्षमता हेरी अन द स्पट रोजगारी अफर गर्नेछन् ।

कम्पनीका अनुसार रोजगारीको खोजीमा रहेका शिक्षित युवा र सक्षम जनशक्तिको खोजीमा रहेका रोजगारदाता कम्पनीबीच एउटै थलोमा अन्तरक्रिया गर्ने लक्ष्यसहित नेपाल जब फेयर २०२१ बिहीबारदेखि राजधानीमा सुरु हुन लागेको हो ।

एस्पायर जब्सको आयोजनामा मुलुकमै पहिलोपटक हुन लागेको नेपाल जब फेयर तीन दिनसम्म सञ्चालन हुनेछ र यसमा रोजगारदाता र करि अर प्लानमा रहेका युवाबीच प्रत्यक्ष अन्तरक्रिया हुनेछ ।

आयोजकका अनुसार जब फेयरमा एक सयभन्दा बढी रोजगारदाता सहभागी हुनेछन् भने १५० भन्दा बढी अन्तर्वार्ता सेसन सञ्चालन गरि नेछ। जसबाट ३००० भन्दा बढीको रोजगारी सुनिश्चित हुने अपेक्षा गरि एको छ। यस्तै, १० हजारभन्दा बढीको भौतिक तथा भर्चुअल सहभागिता रहने जब फेयरमा १ लाख ५० हजारभन्दा बढीले प्रत्यक्ष तथा अप्रत्यक्ष सहभागिता जनाउनेछन् ।

जब फेयरले व्यावसायिक र पारदर्शी मानव संशाधन अभ्यासको सूत्रपात गर्ने लक्ष्य लिएको जनाएको छ। जब फेयर मार्फत प्रविधिका माध्यमले युवा उद्यमशीलताको विकास गर्ने तथा मानव संशाधन क्षेत्रलाई थप गतिशील र विश्वसनीय बनाउने विश्वास लिइएको छ ।

जब फेयरको उदघाटन पूर्व प्रधानमन्त्री माधवकुमार नेपालले गर्ने तथा कि नोट स्पिकरका रुपमा अर्थशास्त्री हरि रोका र रोजगार विज्ञ प्रा. डा. रमेशप्रसाद कोइराला र नेपाल विद्युत प्राधिकरणका पूर्व कार्यकारी निर्देशक कुलमान घिसिङ रहने जनाइएको छ ।

## जिप्रका नै...

अनिवार्य गर्नुपर्ने उल्लेख गरेको छ। तर जिल्लामा ऐन कार्यान्वयन गराउने निकाय जिल्ला प्रशासन कार्यालय आफै व्यवस्था लत्याउदै सार्वजनिक समीक्षा र सार्वजनिक सुनुवाइ गर्दैनन्। जसले गर्दा जिल्ला प्रशासन लगायत अन्य सार्वजनिक संस्थाबाट उपलब्ध हुने सेवा, काम कार्य र सुविधाका विषयमा सेवाग्राही जानकारी पाउनबाट वञ्चित भएका छन्।

जिल्ला प्रशासन जस्तो नियगवम कार्यालयले ऐन नियममा नचल्दा जिल्लामा रहेका प्रदेश सरकार मातहतका कार्यालय देखी संघीय मातहतका कार्यालयहरुले पनी नियमलाई लत्याउादै सार्वजनिक समीक्षा र सार्वजनिक सुनुवाई गर्न सकेका छैनन्।

यो आर्थिक वर्षमा हालसम्म जिल्ला प्रशासन कार्यालयले सार्वजनिक समीक्षा कार्यक्रम गर्नुपर्ने हो तर प्रशासनले सार्वजनिक समीक्षा गर्नसकेको छैन। संघीयता पछि पनी थप अधिकार पाएको जिल्ला प्रशासन कार्यालय निर्णय गर्ने तर, कार्यान्वयन गरेको छकी छैन भनेर नागरीक बेखवर छन । वर्ष दिनमै प्रमुख जिल्ला अधिकारी फेरबदल मात्र हुन्छन तर, कसैको कार्यकालमा सार्वजनिक सुनुवाई भएन ।

यस विषयमा भर्खरै कालिकोटमा आउनु भएका प्रमुख जिल्ला अधिकारी चन्द्रप्रसाद आचार्याले, जिल्ला प्रशासन कार्यालयले आफ्नो काम, कारबाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन तोकिए बमोजिम सार्वजनिक सुनुवाई आफनो कार्यकालमा गरेरै छाड्ने प्रतिबद्धता जनाए ।

अहिले सम्म कार्यालयले सार्वजनिक सुनुवाई नगरेपनी आफुले, सब्बैलाई बोलाएर नागीरक सामु सार्वजनिक गर्ने बताए । नागीरकको सेवाको बारेमा मासिक बैकठमा छलफल गरी सेवा सजिलो, सरल रुपमा प्रदान गर्ने निर्यण हुन्छ । तर, सार्वजनिक सुनुवाई भएको देखिएन, अब गछौं । आफु आएदेखी कार्यालयबाट प्रवाह हुने कुनै पनि सेवाहरुमा ढिलाई नभएको दावी गरे, यो भन्दा अगाढी नै निर्णय भएका तर, कार्यान्वयन नभएका निर्णयहरु कार्यान्वयन तर्फ लैजाने योजना रहेको आर्चायले जानकारी समेत दिए ।

कार्ययोजना मात्र बनाउने तर व्यवहारमा कार्यान्वयन नगर्दा सेवाग्राही उक्त जानकारी पाउनबाट वञ्चित भएका छन्। सेवा प्रदायक र नागरिकहरूका बीचमा दोहोरो सम्वाद स्थापित गर्ने र त्यस्तो सम्वादबाट नागरिकलाई देश विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई जिम्मेवारीको संस्कार बसाउन गरिने सार्वजनिक सुनुवाई कार्यलाई व्यवस्थित गर्न सार्वजनिक सुनुवाई सेवा प्रदायक कार्यालयको लागि अनिर्वाय रहेको बताए ।

सार्वजनिक समीक्षा र सार्वजनिक सुनुवाई लोकतन्त्रका आधार स्तम्भ भएकाले यसलाई प्रभावकारी बनाउनु पर्ने स्थानीय नेपाल बार एशोसियशनका अध्यक्ष दमनराज बमले बताए । 'यहां सार्वजनिक सुनुवाई भए पनि उपभोक्ता र लक्षित वर्गका उपस्थितिबिना औपचारि कताका लागि मात्रै गर्ने गरिन्छ,' उनले भने, 'जसले गर्दा नागरिक सेवा प्रदायक निकायको सुशासन र पारदर्शीता जानकारी पाउनबाट वञ्चित हुन्छन्। सार्वजनिक समीक्षा र सार्वजनिक सुनुवाई प्रभावकारी ढंगले गर्नुपर्नेमा उनको जोड दिए। सार्वजनिक निकायले चार चार महिनामा सार्वजनिक समीक्षा र ६-६ महिनामा सार्वजनिक सुनुवाइ गर्नुपर्छ ।

जिल्लाका कार्यालयहरु मात्र होइनन् जिल्लाका स्थानिय तहहरु पनी ऐन अनुसार, सावैजनिक सुनुवाई गर्न सक्का छैनन्।
९ वटा स्थानीय तह रहेको यहां कुनै स्थानिय तहले लक्षित वर्गका उपस्थितिबिना औपचारिकताका लागि मात्रै गर्ने गरिन्छ,' भने अधिकांश स्थानिय तहहरुले गरेपनी तिन वर्षको एकैचोटी सार्वजनिक सुनुवाई गरेका छन्।

## माओवादीलाई...

'कुनै नेताको श्रीमती आउंदा मन्त्रीहरू झन्डावाल गाडी लिएर जान्छन्,' नेता भट्टले भने, 'तपाईं हामीले बनाएका मुख्यमन्त्री चाकरीमा रमाए ।

प्रधानमन्त्री ओलीलाई पार्टी भित्रैबाट तीव्र असहयोग हुन थालेपछि बाध्य भएर संसद् विघटन गर्नुपरेको उनले सुनाए । भट्टले सरकारले घोषणा गरेको मितिमै निर्वाचन हुने भन्दै कार्यकर्तालाई चुनावमा केन्द्रित हुन समेत निर्देशन दिएका थिए ।

'वैशाख १७ र २७ मै निर्वाचन हुन्छ,' नेता भट्टले भने, 'तपाईंहरू ढुक्क भएर निर्वाचनको तयारीमा लाग्नुहोस् ।

उनले प्रधानमन्त्री ओलीले नेतृत्व गरेको पार्टीले अधिकारीक हुने र चुनाव चिन्ह समेत आफूहरुले पाउने दाबी गरे ।

हालै मात्र ओली समूहले १७५ सदस्यीय कैलालीको जिल्ला कमिटी थप गरेर ७५१ पुर्‍याएको छ ।

## ६० प्रतिशत.....

गज्जबले सवारी चलाउन सक्नेले ट्रायल सेन्टरमा पुगेर परीक्षा पास गर्न सक्दैनन्,' मन्त्रालयका ती अधिकारी भन्छन्,'यसरी एउटा गल्ती भएकै आधारमा ट्रयालमा फेल गर्नु जायज हुन्न भन्ने हाम्रो निष्कर्ष हो ।'

अब प्रयोगात्मक परीक्षाका गाह्रो मानिने प्यारामिटरलाई बढी अंकभार दिइनेछ भने सजिला प्यारामिटर लाई कम अंकभार छुट्याइनेछ । त्यसका आधारमा पूर्णाङ्‌मा कम्तिमा ६० अंक प्रतिशत ल्याउनेलाई चालक अनुमतिपत्र दिने व्यवस्था गर्न लागिएको मन्त्रालयले बताएको छ । अब फिगर-ड टेस्ट, न्यारो प्ल्यान्क टेस्ट, यू टर्न टेस्ट, ट्राफिक लाइट टेस्ट, स्पिट ब्रेकर टेस्ट, ऱ्याम्प टेस्ट, ग्यारेज पार्किङ टेस्ट लगायतका प्यारामिटरलाई फरक(फरक अंकभर दिएर परीक्षा लिइनेछ । त्यसमध्ये कुनै प्यारामिटरमा गल्ती गरेपनि तोकिएको अंकभार पार गरेमा सवारी लाइसेन्स लिन पाइनेछ ।

यो व्यवस्थापछि नक्कली लाइसेन्स लिने र घुस दिएर सवारी चालक अनुमतिपत्र निकाल्ने प्रवृत्तिमा पनि कमी आउने मन्त्रालयको दावी छ । '३ पटकसम्म ट्रायल पास गर्न नसकेपछि चालकहरु सिधै बिचौलियाकोमा पैसा बोकेर पुग्छन्,' मन्त्रालय स्रोत भन्छ,'यातायात कार्यालयकाम कतिय कर्मचरीबाट अवैध रुपमा लाइसेन्स निकाल्दिने धन्दा रोक्न सकिएको छैन, त्यसैले ट्रायल परीक्षालाई व्यवहारिक बनाउन खोजेका हौं ।

यसले अदक्ष चालकहरुले लाइसेन्स पाउने सम्भावना हुादैन ? घुस लिएर चलाउनै नजान्नेले पनि लाइसेन्स लिइरहेका छन्, तिनिहरुसंग भन्दा ६० प्रतिशत अंक ल्याएर पास गर्नेहरु धेरै दक्ष हुन्छन् ।'

यस्तो व्यवस्थापछि ट्रायल पास गर्न नसक्ने भन्दै आत्मविश्वास गुमाएका चालकहरु पनि अवैध बाटोबाट लाइसेन्स निकाल्न नजाने सरकारी दावी छ ।

## ओए सरकार..

कान खोलेर सुन
समृद्धिको बाजामा
प्रतिगामी धुन ।
भ्रष्टाचार गरिस् तैंले ।
न्याय मारिस् तैंले
गरिस् हाम्रो अपमान
ओइ सरकार सुन
जनताको आवाज सुन

सभालाई नेपाल बार एशोसियसनका अध्यक्षर चण्डेश्वर श्रेष्ठ, पत्रकार महासंघका उपाध्यक्ष दीलिप थापा, अभियन्ता सिएन थारु, अपांगता समूहका प्रतिनिधि भोजराज श्रेष्ठ, युग पाठक लगायतले सम्बोधन गरेका थिए । सभालाई जनकवि दुर्गालाल श्रेष्ठले भिडियोबाटै आफ्नो कविता पढेर सुनाए ।

डबलीमा नागरिक तहबाट सभा भइरहादा नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञहरू पनि कार्यक्रम भएको नदेखेझैं गरी हिडेका थिए । अधिकांश प्रगतिशील साहित्यकार तथा विद्वान रहेको प्रज्ञा प्रतिष्ठान नेतृत्व भने सरकारी कदममाथि केही बोल्न नमिल्ने भन्दै मौन बसेको हो ।

नागरिक सभामा बोल्दै नेपाल बार एसोसियसनका अध्यक्ष चण्डेश्वर श्रेष्ठले संविधान कुल्चेर काम गर्ने अधिकार कसैलाई नभएको बताउादै प्रधानमन्त्रीले त्यो हद पार गरेको बताए । उनले भने, 'संविधानलाई घात नहोस् भनेर नागरिकले भनिर हादा प्रधानमन्त्रीले न्यायालयलाई नै व्यंग्य गरेका छन् । हामी नागरिकले यसविरुद्ध बोल्नैपर्छ ।'

अध्यक्ष श्रेष्ठले फिलिंगोजस्तो भएर उठेको नागरिक आन्दोलनले भोलि आगोको रुप लिने विश्वास व्यक्त गरे ।

पत्रकार महासंघका उपाध्यक्ष दीलिप थापा मगरले नेपाल पत्रकार महासंघको जन्म नै प्रतिगमन विरुद्ध लड्ने क्रममा भएको स्मरण गर्दै ओली सरकारले स्वतन्त्र प्रेसमाथि समेत निरन्तर प्रहार गरेको बताए । थापाले मञ्चबाटै आफूले प्रतिमगन मुर्दावाद । भन्दै सहभागीहरूलाई पनि मुर्दावाद भन्न लगाए ।

आदिवासी जनजाति समाजका अभियन्ता डा. मुक्तसिंह तामाङले संसद विघटनको घटना प्रतिगमनको सिलसिला मात्रै भएको संज्ञा दिए । तामाङले भने, 'हामीले केपी ओलीजस्ता व्यक्तिको उदयमा दलहरूको पनि दोष देख्न सक्नुपर्छ । ओली प्रवृत्ति बन्ने प्रक्रिया पनि बुझ्नुपर्छ ।'

अभियन्ता सिएन थारुले सार्वभौमितामाथि धोका हुादा नागरिक अभियन्ताको ठूलो भूमिका हुने बताए । नागरिक आन्दोलनले नै प्रतिगमनलाई परास्त गर्न सक्नेछ । यसैले हामी थाक्नु हुादैन । आवाज सानो बनाउनु हुादैन ।

उनले आदिवासी जनजातिको हकअधिकार दिनप्रतिदिन खुम्चिदै गएकोमा आपत्ति जनाए । यता अपांगता नागरिक समूहका प्रतिनिधि भोजराज श्रेष्ठले कुनै हालतमा ओलीको कदम सफल हुन नदिने बताए । उनले राणा शासन, पूर्वराजा ज्ञानेन्द्रको शासनझैं ओलीको शासन पनि सहजै ढल्ने संकेत गर्दै अपांगता भएका नागरि कसमेत जुर्मराएर उठ्ने उद्घघोष गरे ।

सभालाई कलाकार तथा कार्टुनिस्ट रवि मिश्र, रसिक राज र रविन्द्र श्रेष्ठले ताजा पेन्टिङसहित साथ दिए । उनीहरूले संविधानमाथिको प्रहार भएको बिम्ब खडा गर्दै सांकेतिक विद्रोह गरे । नाट्यकर्मी घिमिरे युवराजको संयोजनमा छोटो डबली-नाटक पनि देखाइयो । नाटकमा प्रतिगमनले कसरी आक्रमण गर्छ भन्ने विषयलाई केन्द बनाएर विरोध गरियो ।

यस्तै जनकवि दुर्गालाल श्रेष्ठले भिडियोमार्फत् पठाएको कविताले पनि सरकारी कदमको तीव्र कटाक्ष गरेको थियो । निकै जोशका साथ कविता पढेका ८४ वर्षीय कवि श्रेष्ठले भने-

नकचरोसाग बरु होला
अलिकति भएपनि लाज चरम
तिम्रै कारण साम्यवाद
आउन्न अब जनमजनम् ।

कार्यक्रममा नागरिक सभाको तर्फबाट अभियन्ता युग पाठकले निरन्तर लडिरहेने प्रतिबद्धता जनाए । माइतीघरको आन्दोलनदेखि नागरिक अभियन्ताहरूलाई संयोजन गरिरहेका पाठकले भने, 'हामी अदालतको निर्णयलाई पनि कुरिरहेका छौं । साथै नागरिक तहबाट नागरिकै अधिकार बचाउन लडिरहने छौं ।

## केपी ओलीमा...............

२०७१ मा नेतृत्वमा आए पछि ओलीले पार्टी कार्यालय सुनसान बनाएर घर बाट पार्टी चलाएको नेपालले बताए । ओलीलाई कार्बाही गरेपछि पुष्पकमल दाहाल प्रचण्ड र आफू भएर पार्टी कार्यालयबाट काम गर्न थालिएको बताए ।

ओलीमा पहिलेबाटै संस्थागत निर्णयमा विश्वास नरहेको पनि उनले बताए । ओलीले अहिले संविधानमाथि घात गर्ने र कम्युनिष्ट आन्दोलन निमिट्यान्न पार्ने प्रयासमा रहेको अध्यक्ष नेपालले बताए । तर, अझै गल्ती स्वीकार गरेर फर्कन ठाउँ र हेको समेत उनले बताए ।
'गल्ती स्वीकार गर्नुहोस्, प्रतिनिधिसभा को विघटन बेठिक भयो भन्नुहोस् । क्याबिनेटमा सच्याउनु सक्नुहुन्छ । त्यसको संवैधानिक महत्व नभए पनि राजनीतिक महत्व हुन्छ । तर, नसच्चिए इतिहासको रछ्याउनमा फालिने चेतावनी दिए ।

ओलीसँग २५ प्रतिशत पनि केन्द्रीय सदस्य नरहेको नेपालले बताए । 'उहाँले अब गुट चलाउनु हुन्छ । केपी ओली फाउण्डेस गुट', नेपालले भने । तर, सूर्य चुनाव चिन्ह भने कसैले खोस्न नसक्ने बताए । ४३४ केन्द्रीय सदस्यहरु मध्ये आफूहरुसँग ३१५ जना रहेको बताए ।

## कम्युनिष्ट.....

बसाल्न र नेपालका कम्युनिष्ट सबैलाई तितर बितर बनाउनु भन्दा एकीकृत बनाएर एउटै कम्युनिष्ट पार्टी बनाउने भनी तत्कालीन नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच एकता भएको थियो । चुनाव अघि एउटै घोषणापत्रमा आ-आफ्नै चुनाव चिन्हमा चुनावी मैदानमा गएर झन्डै दुईतिहाईको नजिक पुगेका दुई कम्युनिष्ट मिलेर बनेको नेकपा करिब ३ वर्ष पछि पुन फुटको स्थितिमा पुगेको छ । यसले के सन्देश दिन्छ भने कम्युनिष्टहरु जुट्न भन्दा बढी फुट्न सक्दा रहेछन् भन्ने तथ्य देखाएको छ ।

समाजवादको संकल्प सहित एकता भएको नेकपा अहिले एकअर्कालाई दोष र आक्षेप लगाउंदै अन्तिम फुटको अवस्थामा पुगेको छ । विश्व जगतलाई नै उदाहणीय राजनीतक सवक सिकाएको नेपालको कम्युनिष्ट आन्दोलनले तीन वर्षमा नै फेरि विश्वलाई नै हसाएको छ । आफ्नै पार्टीको बहुमतको सरकार छ, केन्द्र, प्रदेश र स्थानीयमा पनि नेकपाकै बढी बर्जस्व भएको पार्टी आज एकाध केन्द्रका नेता र तिनको सत्ता प्राप्ती र पदलोभीले गर्दा तमाम कार्यकर्तालाई निरास गरिएको छ । त्यसैले नेकपाको यस खालको विभाजनले भोलिका दिनमा कस्तो असर पर्ला त्यतातिर ध्यान जान पनि जरुरत थियो की ?

# आमन्त्रण गल्फ प्रतियोगिता को चौथो संस्करण पोखरामा

पोखरा । नेपालको पर्यटन क्षेत्रमा विशेष योगदान पुऱ्याउने उद्देश्यअनुरुप नियमितरुपमा सञ्चालन हुंदै आएको 'आमन्त्रण गल्फ प्रतियोगिता'को चौथो संस्करण यसवर्ष पोखरामा आयोजना गरिने भएको छ ।

पोखरामा आयोजित पत्रकार सम्मेलनमा एनसेलसागको विशेष सहकार्यमा माघ २३ देखि २५ गतेसम्म पोखरामा सम्पन्न हुन लागेको जानकारी गराइएको छ ।

पत्रकार सम्मेलनमा बाह्रखरी मिडियाका प्रधान सम्पादक प्रतीक प्रधानले पोखराको पर्यटन प्रर्वद्धनका लागि यसवर्ष पोखरामा प्रतियोगिता आयोजना गर्न लागिएको जानकारी दिए ।

उनले कोभिड-१९ ले संसारभरकै पर्यटन क्षेत्रलाई आक्रान्त पारेको वर्तमान अवस्थामा नेपालको पर्यटन क्षेत्र पनि अछुतो नरहेको र नेपालको पर्यटकीय राजधानी पोखराको पर्यटनमा नवीन ऊर्जा सञ्चार गराउनसके यसले सम्पूर्ण पर्यटन क्षेत्रलाई नै उत्साहित र सकारात्मक गति दिने विश्वासका साथ यो वर्ष पोखरालाई 'एनसेल बाह्रखरी गल्फ'को केन्द्रबिन्दु बनाइएको जानकारी दिए ।

पोखरामा हुने यस प्रतियोगितामा काठमाडौं, पोखरा, विराटनगर, वीरगञ्ज, चितवन, भैरहवा, नेपालगञ्ज र धनगढीका कर्पोरेट लिडर तथा गल्फ खेलाडीलाई प्रतिस्पर्धा गराउनुका अतिरिक्त उल्लेखित सहरहरूबाट विशेष पाहुनाहरूलाई पनि निमन्त्रणा गरिनेछ ।
खेलाडी र विशेष पाहुनालाई माघ २३ देखि २५ सम्म पोखराका विभिन्न स्थानको भ्रमण गराउने र साहसिक खेलमा सहभागी गराउने कार्यक्रम पनि समावेश गरिएको छ ।

साथै, पोखरामा आन्तरिक पर्यटन र पर्यटनको पुनरुत्थानप्रति विशेष जागरुकता फैलाउने उद्देश्यले माघ २३ गते साइकल ऱ्याली आयोजना गरिने पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

पोखराको हलनचोकदेखि हिमालयन गल्फ कोर्स विजयपुर मझेरी पाटनसम्म साइकल ऱ्याली हुनेछ । गल्फ प्रतियोगिता हिमालयन गल्फ कोर्समा फेब्रुअरी ६ तारिख अर्थात माघ २४ गते हुनेछ। जहां ७२ जना कर्पोरेट गल्फरले १८ होलमा स्टेबल फोर्ड फर्म्याटमा प्रतिस्पर्धा गर्नेछन्। प्रतियोगिताका अल-राउण्ड विजयीले सुनको गल्फ बल अर्थात् बाह्रखरी गोल्डेन बल पुरस्कारस्वरुप प्राप्त गर्नेछन् । साथै अन्य विजयीले ट्रफी तथा प्रमाणपत्र प्राप्त गर्नेछन्। एनसेल प्रमुख प्रायोजक रहेको गल्फ प्रतियोगितामा गल्फ खेलाडीसहित करिब दुई सय पाहुना सम्मिलित हुनेछन् । पोखराका प्रतिष्ठित उद्यमी, व्यवसायी तथा गण्यमान्य गरी करिब तीन सय पाहुना गल्फको पुरस्कार वितरण समारोहमा विशेष आमन्त्रित हुने पत्रकार सम्मेलनमा जानकारी गर इएको छ ।

गल्फरबाहेकका पाहुनाका लागि अल्ट्रालाइट, प्याराग्लाइडिङ, जीप फ्लाइङ, बन्जी जम्पिङ, ऱ्याफ्टिङ, क्यानोनिङ र डुंगा सयरको व्यवस्था गरिएको छ । प्रतियोगितामा उपस्थित पाहुनाका लागि १६ वटा भन्दा बढी होटलमा बस्ने व्यवस्था गरि एको छ भने रेष्टुरेन्ट एवम् बार एशोसिएसन पोखरासंग आवद्ध २५ बढी रेष्टुरेन्टमा बाह्रखरीका पाहुनाका लागि तीन दिन २३, २४ र २५ गते स्पेशल छुटको व्यवस्था हुनेछ ।

साथै पोखरा आइपुगेका पाहुनाले आफ्नै खर्चमा यस क्षेत्रको मनोरम दृष्य अवलोकन गर्न चाहेमा कैलाश हेलिकप्टर्स, अल्टिच्युड हेलिकप्टर्स तथा प्रभु हेलिकप्टर्सले विशेष छुटमा पोखरा र यस वरिपरीका हिमालय हरूको दृश्यावलोकन गराउनेछन् ।

एनसेल प्रमुख प्रायोजक रहेको बाह्रखरी गल्फको यो प्रतियोगितामा नेपाल टुरिजम बोर्ड, गण्डकी प्रदेश सरकार तथा पोखरा महानगर पालिकाको पनि सहकार्य रहेको छ ।
अन्य प्रायोजकमा डिसहोम, भाटभटेनी सुपरमार्केटस्, नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड, कार्ल्सबर्ग, सिभास रिगल, हुन्ड्याई मोटर्स, र आईएमई रहेका छन् ।

बाह्रखरी मिडिया प्रतियोगिताको प्रमुख आयोजक रहेको प्रबन्ध निर्देशक ज्ञानेश्वर आचार्यले जानकारी गराए ।

बाह्रखरी मिडिया हाउसले अघिल्लो वर्ष सगरमाथा क्षेत्रमा गल्फ खेल आयोजना गरेको थियो । यो प्रतियोगिता विश्वकै सबैभन्दा उचाईमा (४२५० मिटर) गरिएको पहिलो प्रतियोगिता थियो, जसको समाचार विश्वका दुई सय बढी अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले सम्प्रेषण गरेका थिए ।
अमेरिकाबाट प्रकाशित हुने संसार कै सर्वोत्कृष्ट म्यागेजिन गल्फ डाइजेस्टले यो समाचारलाई कभर सहित ८ पेजमा विस्तृत विवरण प्रकाशित गरेको थियो ।

पोखरामा भएको पत्रकार सम्मेलनमा बाह्रखरी मिडियाका प्रधान सम्पादक प्रतीक प्रधानले संसारभरका ठूला व्यक्तिहरुलाई नेपालप्रतिको आकर्षण बढाउनका लागि पनि प्रतियोगिता पोखरामा आयोजना गरिएको जानकारी गराए ।
गोकर्ण गल्फ क्लबका अध्यक्ष सुहृद घिमिरेले गल्फ गर्न सजिलो नभएको बताउंदै बाह्रखरीले सगरमाथाको काखमा गल्फ गरेर रेकर्ड कायम गरेको भन्दै प्रशंसा गरेका थिए ।
नेपालमा गल्फ सुरु भएको करिब एक सय वर्ष भए पनि गति लिन नसकेको जनाउादै एउटा मिडिया हाउसबाट भएको यस कामको प्रशंसा गर्नुपर्ने बताए ।

गोकर्ण गल्फका निर्देशक दीपक आचार्यले गल्फ प्रतियोगिताको फर्म्याटका बारेमा जानकारी गराउँदै विजेताले गोल्डेन बल र उपविजेताले ट्रफी प्राप्त गर्ने बताए ।

हिमालय गल्फ कोर्स पोखराका निर्देशक किरण केसीले यस्तो बेलामा पनि साहसका साथ यो कार्यक्रम थालेको भन्दै पर्यटनलाई टेवा पुर्याउन यसले आइसब्रेकको काम गर्ने बताए ।

पोखरा पर्यटन परिषदका अध्यक्ष गोपी भट्टराईले पोखरालाई फुटबल, क्रिकेटले चिनाएको बताउादै अब गल्फले पनि चिनाउन सहयोग गर्ने धारणा राखे ।
विदेशी पर्यटकले ४० देखि ५० डलर मात्रै पोखरा आएर दैनिक खर्च गर्ने भन्दै उनले यसलाई अलि विस्तार गर्न राज्यले पनि ध्यान दिनुपर्ने बताए ।
बाह्रखरी मिडियाका प्रबन्ध निर्देशक ज्ञानेश्वर आचार्यले कार्यक्रममा उपस्थितलाई धन्यवाद ज्ञापन गरेका थिए भने प्रबन्ध सम्पादक राजेश केसीले कार्यक्रमको सञ्चालन गर्दै पर्यटनमा कोभिडले पारेको असर र त्यसको पुनरुत्थानमा सहयोग पुर्याउनका लागि कार्यक्रम गर्न लागिएको बताएका थिए ।




"Accredited by University Grants Commission (UGC) Nepal (2019)"

भर्ना खुल्यो

BBM BCA BICT BBS
BSW B.ED BA BBA*

जनमैत्री बहुमुखी क्याम्पस
कुलेश्वर, काठमाडौं

01-4286283, 4277202
Voicemail: 1618014277202
www.janamaitri.edu.np
Email: jmc2047@gmail.com
facebook.com/janamaitri.campus

# गुञ्जन फिल्मको फष्टलुक सार्वजनिक




काठमाण्डौ । राजधानीमा आयोजित एक कार्यक्रमका बीच अभिनेता कृष्ण मल्ल र विशिष्ठ चलचित्रकर्मी नाट्यकर्मी तथा अभिनेता मदनदास श्रेष्ठलाई 'हरितारा चलचित्र पुरस्कार २०७५' प्रदान गरिएको छ। चलचित्र बिकाश बोडका अध्यक्ष दयाराम दाहाल, कलाकार संघका अध्यक्ष र बिन्द खड्कालागायतले उनीहरुलाई सो पुरस्कार प्रदान गरेका थिए। पुरस्कारको राशी जनही रु. २५,०००- रहेको छ ।

त्यस्तै कार्यक्रममा २०७६ सालको हरितारा चलचित्र पुरस्कार विशिष्ट गीतकार सहदेव ढुंगानालाई प्रदान गरियो । ढुंगानाले पनि नगद रु. २५,०००- सहित पुरस्कार प्राप्त गरेका हुन् ।

वि.सं.२०५२ सालमा समाजसेवी श्रीमती विजया राणा (तारा नानी) ले आफु र आफ्ना पति हरि शमशेर को नाममा अक्षय कोष राखी स्थापना गरेको सुरु गरेको हरितारा चलचित्र पुरस्कार चलचित्र क्षेत्र कै पहिलो पुरस्कार हो ।

कार्यक्रममा वि.सं.२०७६ सालको श्री दुर्गादेवी पुण्य निरौला स्मृति पुरस्कार सञ्चारकर्मी राजेश खनाल र अभिनेत्री सपना श्रेष्ठलाई प्रदान गरिएको छ । श्री दुर्गादेवी पुण्य निरौला स्मृति पुरस्कारको थैली जनही दश-दश हजार रुपैयां रहेको छ ।

त्यस्तै कार्यक्रममा 'परिवर्तन सम्मान २०७६' बाट नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव मोहन पन्त, निर्देशक र अभिनेता विश्वदीप घिमिरे र निर्देशक, अभिनेता, सञ्चार कर्मी माधवराज खरेललाई सम्मानित गरिएको थियो ।

पुरस्कार तथा सम्मानित व्यक्तिको चयन मोहन निरौला, डिजाइनर सुन्दर श्रेष्ठ र सञ्चारकर्मी शान्तिप्रियले गरेका थिए ।
यस अघि हरितारा चलचित्र पुरस्कार महजोडी, शिव श्रेष्ठ, विश्व बस्नेत, रविन्द्र खड्का, रमेश बुढाथोकी, भुवन थापा, करिष्मा मानन्धर, शर्मिला मल्ल, रेखा थापालगायतले पाइसके का छन् ।

## डा.डीआर उपाध्यायको गीत 'तिमी भित्रै'' सार्वजनिक

काठमाण्डौ । विश्व कीर्तिमानी गीतकार डा.डीआर उपाध्यायको नयाा गीत 'तिमी भित्रै'' सार्वजनिक भएको छ। गीतमा मनोजराज शिवाकोटीको स्वर तथा सागर अधिकारी 'शरद'को संगीत रहेको छ। गीतको भिडियोमा मनोज वली, सम्झना खत्री र निर्दोष पोखेलको अभिनय रहेको छ। प्रमोद श्रेष्ठ र टिमको छायाकन तथा टेकेन्द्र शाहको सम्पादन रहेको भिडियो जीवन शाहीले निर्देशन गरेका हुन् । फरक शैलीका गीतमार्फत ३२ विश्व रेकर्ड राख्न सफल उपाध्यय सबै वर्ग, पेशा र समुदायका लागि गीत लेख्ने गर्दछन् ।

## आजदेखि पहिलो ठूलो ब्यानरको फिल्म 'मास्टर' सार्वजनिक

भारतमा आजदेखि पहिलो ठूलो ब्यानरको फिल्म 'मास्टर' सार्वजनिक भएको छ। सार्वजनिक हुनुअघि नै शनशनी मच्चाएको फिल्मले पहिलो दिन २५ देखि ३० करोडको बीचमा ओपनिङ गर्ने आकलन गरिएको छ।
लोकेश कंगराजको निर्देशनमा बनेको तमिल फिल्मका दुई सुपरस्टार विजय र विजय सेतुपतीलाई सागै हेर्न दर्शकहरु उत्साहित देखिएका छन् । फिल्मको रिलिजअघि नै हजारभन्दा बढी सोको टिकट बिक्री भइसकेको छ ।
'मास्टर' को टिकट काट्न जम्मा भएका दर्शक कम गर्न अनलाइन बुकिङ खुला गरे पनि यसले हलको टिकट काउन्टरमा भीड घटाउन सकेन। केही स्थानमा दर्शकको भीड कम गर्न प्रहरीले पहल गर्नु परेको थियो ।
३८ सय पर्दाका साथ रिलिज भएको 'मास्टर' तमिलसागै फिल्म तेलगु, कर्णाटक, मलयालम र हिन्दी भाषामा पनि रिलिज भएको छ । हालै सरकारले सिनेमा हल खोल्ने अनुमति दिएपछि नेपालमा पनि भोलिदेखि 'मास्टर' प्रदर्शन हुँदैछ ।


लैङ्गिक हिंसा अन्त्यको प्रतिबद्धता :

व्यक्ति, समाज र सबैको एक्यबद्धता

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सुचना तथा प्रशारण विभाग

"सबै प्रकारका कारोबारलाई डिजिटल स्टिममा बनाऔं, तपाई/हामी मिली डिजिटल नेपालको निर्माणमा जुटौं"

हाम्रा सेवाहरु :
- Web Design
- Web Development
- Web Hosting
- Software Development
- Graphic Design
- Video Editing
- Domain Regestration
- Digital Marketing
- Social Media Marketing
- Search Engine Optimization

JOOGLE TECHNOLOGY Pvt.Ltd
Kirtipur, Kathmandu, Nepal
Ph:9851245821, 9802030722
Email: joogletech@gmail.com
web: www.joogletech.com

"समयमै वृद्धि पुर्याऔ, आफ्नो कारोबारलाई डिजिटल सिस्टममा रुपान्तरण गरौं"